


# चिउरी

# चेपाङ र चमेरो
## नयाँ आयामको खोजी

सङ्कलन/लेखन/सम्पादन
**विष्णु प्रसाद आचार्य**









प्रकाशक
डिभिजन वन कार्यालय, राप्ती
मनहरी, मकवानपुर




सहयोग
राक्सीराङ गाउँपालिका
चैनपुर, मकवानपुर

प्रकाशक
डिभिजन वन कार्यालय
राप्ती, मनहरी, मकवानपुर

सङ्कलन/लेखन/सम्पादन
**विष्णु प्रसाद आचार्य**

सहलेखन
**दिनेश सत्याल**
**श्रीहरि भट्टराई**
**संजन थापा**

प्रकाशन वर्ष
**असार, २०८०**

प्रकाशन प्रति
**१ हजार**

सर्वाधिकार
**प्रकाशकमा**

लेआउट/छपाइ
**अल मिडिया सोलुसन**
बागबजार, काठमाडौँ
०१-४२५३९६४

सहयोग
**राक्सीराङ गाउँपालिका**
चैनपुर, मकवानपुर

प्रकाशक
**डिभिजन वन कार्यालय, राप्ती**
मनहरी, मकवानपुर

अध्ययन प्रयोजनका लागि यसमा उल्लेखित लेख स्रोत उद्दरण गरेर प्रयोग गर्न सकिनेछ : प्रकाशक



**चिउरीमा भविष्य खोजिरहेका चेपाङ र सम्पूर्ण किसानप्रति समर्पित**

# पुस्तक किन ?

चेपाङ समुदायले **कल्पवृक्ष** वा **हरियो सुन**को रूपमा सदियौँदेखि उपभोग गर्दै आएको चिउरी आज एक होइन, अनेक कारणले यो समुदायबाट क्रमशः टाढा हुन पुगेको हामीले महसुस गरेका छौँ । यसको उपयोगिता र सान्दर्भिकता घटेको छैन तर स्वरूप भने परिवर्तन भएको छ । चेपाङ समुदायको बदलिँदो रहनसहन, आकाङ्क्षालाई समेट्दै चिउरी चेपाङ समुदाय र चिउरीमा आश्रित विभिन्न समूह एवम् जातजातिका लागि जीविकोपार्जनको एक महत्त्वपूर्ण माध्यम हुन सक्छ भन्ने हाम्रो बुझाइ छ ।

चिउरीको परागसेचनमा महत्त्वपूर्ण चमेरो चेपाङ समुदायको शिकारका कारणले घटिरहेको छ, जसले चिउरी उत्पादनमा नकारात्मक प्रभाव पारेको छ । चमेरोलाई चिउरीको प्रवर्द्धनका लागि चेपाङ समुदायको सहकार्यमा '**बृहत् संरक्षण अभियान**' सञ्चालन गर्नुपर्ने देखिन्छ ।

पुस्तक प्रकाशनको आशय चेपाङ समुदायले सधैँ परम्परागत पेशामा मात्र भर परून्, त्यही चेपुवामा पेलेको चिउरीको घिउ नै खाऊन् भन्ने पक्कै होइन । हाम्रो आशय त्यहाँ रहेको प्रकृतिको उपहार र बृहत् सम्भावनालाई कसरी मूलधारमा ल्याउने र स्थानीय चेपाङ समुदाय वा चिउरीमा आश्रित समूहलाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने हो । त्यहाँको परम्परागत पद्धति, आर्थिक चक्र, अन्तरनिर्भरतालाई सामन्जस्यता कायम गर्दै आधुनिक पद्धतिमा कसरी रूपान्तरण गर्न सकिन्छ ? यसका लागि संघ, प्रदेश, पालिका, वन समूह, चिउरीमा आश्रित समूह, साना, मझौला तथा ठूला व्यापारी समूह र अन्य साझेदारको भूमिकाको खोजी गर्नु हो ।

हामी आफ्नै खुट्टामा आफैँ उभिन सक्ने सबल चेपाङ समुदायको पर्खाइमा छौँ । चेपाङ समुदायको वृत्तिविकासका धेरै पाटामध्ये चिउरी एक हुन सक्छ र त्यसलाई क्रमशः आधुनिकीकरणमा लैजानु पर्छ भन्ने सोचमा छौँ । तर, चिउरी मात्र एक र अन्तिम होइन भन्ने कुरामा हामी त्यत्तिकै सजग र सचेत छौँ । यी विषयमा हाम्रो र तपाईंको बुझाइमा फरक पर्नु स्वाभाविक हो । हामी तपाईंको बुझाइलाई आत्मसात् गर्दै आवश्यकतानुसार आगामी दिनमा परिष्कृत गर्ने प्रतिबद्धता गर्दछौँ ।

चेपाङ समुदायको पहिचान र अधिकारको यात्रा, कर्तव्य र जीविकोपार्जनको यात्रामा रूपान्तरित होस् । यी  र यस्ता विषयमा चेपाङ समुदाय आफैँ सक्षम होऊन् भन्ने कामना गर्दै सबै सहयोगी मनप्रति आभार व्यक्त गर्दछौँ ।



**विष्णुप्रसाद आचार्य**
डिभिजनल वन अधिकृत
राप्ती, मकवानपुर

चिउरी, चेपाङ र चमेरो





चिउरी, चेपाङ र चमेरो

# हामी आभारी छौं

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा '**चेपाङ समुदायको उत्थानका लागि चेपाङ, चिउरी र चमेरो संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ**' भनी बजेटमा समेत सम्बोधन गरेको छ। यसैगरी यो विषयलाई सरकारी तवरबाट उच्च प्राथमिकता दिँदै अभिभावकत्व ग्रहण गरी उत्साह थपिदिनु भएकोमा बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय र प्रदेश प्रमुख यादवचन्द्र शर्माज्यूलाई हार्दिक धन्यवाद। चिउरी, चेपाङ र चमेरोको सम्बन्धलाई प्रारम्भदेखि नै मूलधारमा ल्याउन अथक प्रयास गर्नु हुने जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख ललित घलान, वन तथा वातावरण मन्त्रालयका सचिव यज्ञनाथ दाहाल, प्रदेश वन निर्देशक विद्यानाथ झा, वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक नवराज पुडासैनी, डिभिजनल वन अधिकृत शिव सापकोटा (मकवानपुर), लोकराज नेपाल (चितवन), अजयविक्रम मानन्धर (धादिङ) लगायत अन्य सबै सरोकारवालालाई हार्दिक धन्यवाद।

पुस्तक एकल प्रयासको उब्जनी होइन, यसमा अनेक प्रियजनको अथक मेहनत र अभिलाषा जोडिएको छ। राक्सीराङ गाउँपालिकाको सद्भावले पुस्तकले आकार ग्रहण गरेको छ। यसका लागि हामी राक्सीराङ गाउँपालिका परिवार, अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ, प्रशासकीय अधिकृत देवचन्द्र गड्तौलाप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

पुस्तकमा प्रताप विष्ट, गोविन्दराम चेपाङ, हबिल चेपाङ, आइतराम चेपाङ, कृष्णलाल तामाङ, दिनेश चेपाङ, सिंहबहादुर चेपाङ, राजकुमार चेपाङ, गोविन्द घिमिरे, योगेन्द्र विजय दाहाल, शिवकुमार रिजाल 'काशी', रघुराम पराजुली, मकवानपुर, चितवन र धादिङका सामुदायिक वनका चेपाङ समुदायको बौद्धिक खुराकका अलावा उहाँहरूले विभिन्न अध्ययनका क्रममा खिच्नुभएका तस्बिर समेटेका छौं। यसका लागि हार्दिक धन्यवादसहित हामी उहाँहरूबाट आगामी दिनमा पनि यस्ता सहयोग पाइरहने अपेक्षा गर्दछौं।

पुस्तकका लागि धेरैको सहयोग लिएका छौं। यसका लागि वन तथा भूसंरक्षण विभाग, वनस्पति विभाग, घरेलु तथा साना उद्योग विभाग, मेडेप, डाक्टर तीर्थबहादुर श्रेष्ठ, डाक्टर पुष्पराज आचार्य, कमल मादेन, कृष्णमणि बराल, राममणि दाहाल, अभयराज जोशी, प्रकाश अधिकारी, डाक्टर उमिद पुन, सुधिर श्रेष्ठ, प्रकृतिका साथी, माइहिमालडटकम, विभिन्न अनलाइन, गुगलको सहयोगका लागि हार्दिक धन्यवाद।

'फिल्ड' अध्ययनका लागि संयोजन गर्ने मनिर अन्सारी, कमल आचार्य, अन्जनी अधिकारी, दामोदर पाण्डे, तारा शिवाकोटी, सुजन मुक्तानलगायत सबैलाई धन्यवाद। पुस्तक सम्पादनमा सहयोगका लागि सुरेन्द्र चालिसे, शम्भु तामाङ, गगन शर्मा, निश्चल घिमिरे, शान्ति प्रियबन्दनालगायत सबैलाइ हार्दिक धन्यवाद।

अन्त्यमा, यो विषयलाई महत्त्व दिनुहुने सबैलाई हार्दिक आभार र आगामी दिनमा पनि यस्तै सहकार्यको अपेक्षा गर्दछौं।

**डिभिजन वन कार्यालय**
**राप्ती, मकवानपुर**


चिउरी





बहुउपयोगी, बहुआयामिक रूपमा प्रयोग हुने चिउरीको वैज्ञानिक नाम *Diploknema butyracea* हो । यसलाई अङ्ग्रेजीमा Butter Tree भनिन्छ, जुन Sapotaceae परिवारअन्तर्गत पर्दछ । विशाल छायादार चिउरीका रुख सप्रेको ठाउँमा २०-२५ मिटरसम्म अग्लो र १०-१५ फिटसम्म गोलाइका हुन्छन् । प्राकृतिक अवस्थामा चिउरी सय वर्षसम्म सजिलै बाँच्न सक्ने रुख प्रजाति हो ।

चिउरीलाई संस्कृतमा मधुपुष्प, हिन्दीमा फुल्वारा, तामाङले च्युम्ली, राइले इशी, लिम्बुले इम्सेबा, थारुले चिहुली, नेवारले इबुची पुमा भनिन्छ । चेपाङ भाषामा चिउरीलाई यो, फललाई योसाई, बियाँलाई युलुङ र फूललाई योरो भनिन्छ ।

चिउरीको पातको तल्लो भागमा झुप्प परेको क्रिम रङको २०-२५ वटा फूल एकैपटक फुल्ने गर्छ । चिउरीको फल साना, अन्डाकार दुई सेन्टिमिटर लम्बाइका हुन्छन् । फलको बाहिरी भाग गुदियुक्त, रसदार र स्वादिष्ट हुन्छ भने बीच भागमा बियाँ हुन्छ ।

## भौगोलिक फैलावट एवम् वितरण

चिउरीको बोट घाम प्रशस्त लाग्ने ओसिलो चट्टानयुक्त तथा भिरालो पाखा, बारी नजिकको खुल्ला स्थान, चरणक्षेत्र र खोरिया फँडानीको क्षेत्रमा तुलनात्मक रूपमा राम्रो पाइएको छ । वृद्धिका लागि प्रशस्त प्रकाश चाहिने हुनाले घनाजङ्गलमा चिउरी कम देखिन्छ । मूलतः चिउरीले दक्षिणी मोहडा मन पराउने भए पनि घाम प्रशस्त पाउने र आद्रता पुग्ने उत्तरी मोहडामा पनि यसको अवस्था राम्रो देखिन्छ ।

नेपालमा चुरे तथा महाभारत क्षेत्रको ३०० मिटरदेखि १६०० मिटर उचाइसम्म चिउरी फैलिएर रहेको भए पनि यो १८०० मिटरको उचाइसम्म पाइएको रेकर्ड छ ।

मेडेप (२०१०) ले दिएको तथ्याङ्कअनुसार नेपालमा चिउरीको रुखको अनुमानित सङ्ख्या ५० लाखभन्दा बढी रहेको छ र पूर्वदेखि पश्चिमका चुरे क्षेत्र र महाभारतको तल्लो भेगका ४६ जिल्लामा चिउरी पाइन्छ । यद्यपि, विभिन्न अध्ययनले ५३ जिल्लामा चिउरी





पाइएको देखिएको छ । यस विषयमा विस्तृत खोजी तथा अध्ययन हुने हो भने अरू बढ्न सक्ने देखिन्छ । चिउरी नेपाल बाहिर भारत, चीन, भुटानसम्म फैलिएर रहेको छ ।

नेपालमा पूर्वको तुलनामा मध्य र पश्चिम भेगमा चिउरी राम्रो पाइन्छ । बागमती प्रदेशका सबै जिल्लामा धेरै थोरै चिउरी पाइए तापनि मकवानपुर, चितवन र धादिङ चिउरी पाइने प्रमुख जिल्ला हुन् । चेपाङ समुदायको बाहुल्यता रहेकाले पनि यस क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक हिसाबले चिउरीको अवस्था राम्रो भएको हुन सक्छ ।

मकवानपुरको साविकको काँकड़ा गाविस (हाल राक्सीराङ ६-७-८) चिउरीको राजधानी भन्दा फरक नपर्ला । यसैगरी साविकका राक्सीराङ, खैराङ, कैलाश, सरिखेत, पलासे, नामटार, कालिकाटार, भैंसे, मकवानपुरगढी, बकैयामा पनि प्रशस्त चिउरी पाइन्छ ।

चितवनको सिद्धि, कोराक, लोथर, शक्तिखोर, काहुले, दारेचोक, चण्डीभन्ज्याङ, इच्छाकामनामा चिउरी पाइए तापनि सिद्धि, कोराक राम्रो क्षेत्र हो । मकवानपुरको मनहरी खोलादेखि चितवनको कयर खोलाको बीचमा पर्ने चुरे र महाभारतको तल्लो भेग यसको उपयुक्त क्षेत्र हो ।

धादिङको रोराङ, धुसाक्षेत्र चिउरी पाइने मुख्य क्षेत्र थियो तर ग्रामीण क्षेत्रमा सडक पुगेसँगै त्यहाँका अधिकांश चिउरीका रुख चेपाङ समुदायले दाउराका रूपमा बिक्री गरेकाले अहिले त्यो क्षेत्रमा अत्यन्त थोरै मात्रमा चिउरी बाँकी रहेको छ ।

## प्रजातिगत विविधता

नेपालमा वाय, लान्य, चितीय र तोम्य गरी चार प्रकारका (बोलीचालीमा वायो, लान्यो, तोम्यो र चितियो पनि भनिन्छ) चिउरी छन् भनेर विभिन्न अध्ययन र स्थानीयसँगको छलफलले देखाएको छ । तर, राक्सीराङ ७ धिराङका स्थानीयले यी ४ प्रजातिका अलावा जाय (जायो) नामको अलिक सानो फल लाग्ने र तुलनात्मक रूपमा माथिल्लो उचाइमा हुने चिउरी पनि रहेको बताएका छन् ।

स्थानीय चेपाङले सहजताका लागि चिउरीको फूल फुल्ने महिनालाई आधार मानेर चिन्ने र चिनाउने गर्दछन् । मुख्य गरेर अगौटे र पछौटे हुन्, जसअनुसार अगाडि फूल फुल्ने अगौटे (लान्य, तोम्य) र पछाडि फूल फुल्ने पछौटे (चितीय, वाय र जाय) हुन् । धेरै सजिलै पाउने चिउरीको प्रजातिमा लान्य र वाय पर्दछ । कतिपय स्थानमा असारे, श्रावने, भदौरे पनि भन्ने गरिएको छ तर प्रजातिगत विविधताको विस्तृत (genetic study) अध्ययन पूरा भएको छैन ।

चिउरीको फूल फुल्ने समय प्रजातिअनुसार मंसिरदेखि वैशाखसम्म रहेको पाइन्छ । चिउरीको सह प्रजातिमा साल, अस्ना, कोइरालो, सिमल, अमला, बोटधयैंरो, टाटरीलगायतका प्रजाति हुन् । यसको पतझड समय भने अन्य प्रजातिको भन्दा फरक छ । अधिकांश रुख-बिरुवाको पात चैत्र वैशाखमा झर्छ, त्यो बेला यो अत्यन्त गाढा हरियो अवस्थामा हुन्छ । वर्षातपश्चात् श्रावणदेखि असोजको मध्यसम्म फल फल्ने समयमा छोटो समयका









लागि फरक-फरक समयमा पात झर्छ र तुरुन्त पलाउन सुरु गर्छ ।

प्राकृतिक अवस्थामा हुर्केको एउटा चिउरीको बोटमा फूल फुल्न एक दशक लाग्छ तर जल, मल र प्रकाश पुगेको स्थानमा ७-८ वर्षमा पनि फुलेको पाइएको छ। चिउरीले राम्रो उत्पादन भने करिब १२-१५ वर्षको उमेरबाट दिन्छ र यो क्रम करिब नमर्दासम्म कायम रहन्छ। अन्य रुख बिरुवा जस्तै यसले पनि वर्ष बिराएर राम्रो फल र फूलको उत्पादन दिने गर्छ।

चिउरी रुक्खासुक्खा स्थानमा पनि सहजताका साथ हुर्कन सक्छ। यसलाई रोग, किरा, डढेलो, चरिचरणबाट जोगाउन सक्ने र जथाभावी हाँगा नकाट्ने हो भने सयौँ वर्षसम्म सहज उपभोग गर्न सकिन्छ।

## चिउरी एक, उपयोग अनेक

चिउरी अत्यन्त गुणकारी र लाभदायक वनस्पति हो । यसको पातदेखि बियाँ, फल, फूल, रुख सबै उपयोगी हुनाले यसलाई '**कल्पवृक्ष**' भन्दा उपयुक्त हुनेछ । यद्यपि स्थान, रीतिरिवाज, संस्कृतिअनुसार विभिन्न जातजातिले फरक ढङ्गले उपयोग गर्ने गरेका छन् ।

### पात

यो गाईवस्तुको महत्त्वपूर्ण डालेघाँस हो । सुक्खायाममा जब सबैतिर घाँसको अभाव हुन्छ, त्यो बेला यसको महत्त्व अझ बढी देखिन्छ । पातबाट चेपाङ समुदायले परम्परागत रूपमा दुनाटपरी बनाएर त्यसको प्रयोग गर्छन् । यद्यपि व्यावसायिक रूपमा यसको प्रयोग भएको भने देखिँदैन । धेरै स्थानमा गाईवस्तुका लागि पत्कर सोहोरेर गोठमा हाल्ने अनि यसलाई कम्पोस्ट मलको रूपमा प्रयोग गरेको पाइन्छ।



### फूल

यसको फूल चमेरो, मौरी, चराचुरुङ्गी र पुतलीको प्रमुख गन्तव्य हो । फूलमा भएको रस (खुदो) अत्यन्त गुलियो हुने हुँदा मौरीलाई मात्र होइन, यसको फूलबाट रस झारेर मानिसले पनि सिधै खाने र रोटीमा समेत प्रयोग गर्छन्। प्रकृतिमा रहेका अन्य बिरुवाको तुलनामा यसको फूलको रस अत्यन्त गुलियो (४० प्रतिशतभन्दा अधिक चिनीको मात्रा) हुने र लामो समयसम्म रहने हुनाले मौरीपालक किसानले यसको फूल फुल्ने समयमा ५-६ पटकसम्म मह काढ्ने गर्दछन्।



## फल

आकर्षक, पोषिलो र गुलियो हुन्छ। यो प्रायः टिपेर सिधै चुसेर खाइन्छ। कतिपय स्थानमा फल निचोरेर जुसको रूपमा पनि प्रयोग गरिन्छ। चिउरीको रसमा दुधमा पाइने तत्त्व पाइने हुनाले आमाको गुमाएका साना बच्चालाई यसको रस खुवाएर हुर्काइन्थ्यो भनेर भनिन्छ। स्थानीय चेपाङ समुदायले यसको रसबाट छ्याङ, फलबाट रक्सी बनाउने र यसको छोक्रा (स्थानीय भाषामा लादी) गाईवस्तुलाई खुवाउँछन् । यसको फल चेपाङले गोसे, तासे भन्ने वन्यजन्तु (निर बिरालो) मलसाँप्रोलगायत जनावरको प्रमुख आहारा हो।

## बियाँ

चिउरीको फलभित्र हुने बियाँलाई **बिजुला** पनि भनिन्छ। एउटा रुखमा यति नै बिउ फल्छ भन्ने यकिन छैन तर औसतमा एउटा रुखमा ६० किलोभन्दा बढी फल फल्ने विभिन्न अध्ययनले देखाएको छ। यद्यपि रुखको उमेर, प्रजाति, मोहडा, उचाइ, बीउ वर्षमा भर पर्दछ।

यसको बियाँ घिउ बनाउन प्रयोग गरिन्छ। बोलीचालीमा घिउ भनिए पनि वास्तवमा यो तेल नै हो। चिउरीको तेल उच्च तापमानमा (३१-५१ डिग्री) मात्र पग्लने र औसत तापमानमा ठोस रूपमा नै रहने हुनाले यसलाई चिउरीको घिउ भनिएको हो। राम्रो मेसिन भएमा चिउरीको बियाँबाट कूल तौलको ४० प्रतिशतसम्म घिउ निस्कन्छ। औसतमा ३ केजी बियाँबाट १ केजी घिउ निस्किने स्थानीयको अनुभव छ।

वनस्पतिबाट उत्पादन हुने र शुद्ध हुने हुनाले मन्दिर, गुम्बामा चिउरीको घिउबाट बत्ति बालिन्छ। चेपाङ समुदायले सबैभन्दा अधिकतम उपयोग तरकारीमा 'भुटुन'को रूपमा र सेलरोटी पकाउन प्रयोग गर्ने गरेका छन्। यसलाइ मैनबत्ती, चकलेट, विभिन्न सौन्दर्यका प्राकृतिक सामग्री बनाउन प्रयोग गरिन्छ। हातखुट्टा फुटेको ठाउँमा नरम बनाउन, अनुहारको दाग हटाउने क्रिमको रूपमा पनि चिउरीको घिउ प्रयोग गर्ने गरिन्छ।







### पिना

यसको पिना अन्नबालीमा कम्पोष्ट मल र किटनासकको रूपमा प्रयोग गरिन्छ। जमिनको किरा, कमिला मार्न, पुतली, गोभारोबाट बालीलाई बचाउन अत्यन्त उपयुक्त हुन्छ। यसमा ५ प्रतिशतसम्म नाइट्रोजन पाइन्छ। पिना स्थानीय बजारमा बिक्री पनि हुन्छ। कतिपय चेपाङले पिनासँग अन्न साटेर छाक टार्ने समेत गरेका छन्। खोला, पोखरी, ताल, तलाउमा माछा मार्दा माछालाई लठ्याउन पनि यसको प्रयोग गरिन्छ।

### बोक्रा

यसको बोक्राको रस गाईवस्तुको पेटमा किरा परेको, किर्ना लागेको, पानी जुकाले खाएको लगायत अन्य समयमा घरेलु उपचारका रूपमा प्रयोग गर्न सकिन्छ।

### चोप तथा लिसो


यसको पात तथा हाँगाबाट चोप (दुधजस्तै सेतो) आउँछ, जुन लिसोको रूपमा प्रयोग गरिन्छ। यो लिसो चरा समात्न, किरा, मुसा मार्नलगायतका अन्य काममा समेत प्रयोगमा आउँछ।

### काठ तथा दाउरा

चिउरीको दाउरा राम्रा मानिन्छन् । यद्यपि अपवाद बाहेक हरियो चिउरीको बोट काटेर किसानले प्रयोग गर्दैनन् । प्राकृतिक अवस्थामा मरेका, हावाहुरी चट्याङ आदिले ढालेका रुख दाउराका लागि प्रयोग गरिन्छ। साललगायतको काठ उपलब्ध भएका स्थानमा तुलनात्मक रूपमा चिउरीको काठको प्रयोग कम हुन्छ तर जहाँ सहज ढङ्गले सालको उपलब्धता छैन ती स्थानमा झ्याल, ढोका बनाउन पनि प्रयोग भएको पाइएको छ।

## वातावरणीय सेवा

अन्य रुख, बिरुवाजस्तै यसका पनि अनेक वातावरणीय सेवा छन्। रुक्खा सुक्खा, चट्टानी भूमिमा पनि सहज बाँच्न सक्ने, प्रायः भिरालो जमिन रुचाउने चिउरी क्षतिग्रस्त भूमिको पुनर्स्थापना र भूक्षय नियन्त्रणको सस्तो, सजिलो र दीर्घकालीन समाधान हो। यसको पात, फूल, फल, हाँगाबिँगा झरेर वर्षातमा कुहिएपछि माटोको उर्वराशक्ति बढाउँछ। कार्बन शोषणको दृष्टिकोणले उपयुक्त प्रजाती हुनाले कार्बन व्यापारलगायतको विषयमा ठूलो सहयोग पुर्‍याउन सक्छ।





# चेपाङ





## प्रकृतिका पुजारी

चेपाङ समुदाय जल, जमिन, जङ्गल, वन्यजन्तुलगायतका प्रकृतिको भरमा सदियौँदेखि जीविकोपार्जन गरी प्रकृतिमा नै रमाउँदै आएका छन् ।

चेपाङले परापूर्व कालदेखि आफ्ना दैनिक व्यवहारिक चलनमा आफ्नै मातृभाषाको प्रयोग गर्दै आएका छन् तर छुट्टै लिपि भने छैन । भदौमा पूजा गरिने छोनाम 'न्वागी' चेपाङको सबैभन्दा ठूलो धार्मिक पूजा हो । चेपाङले सिमेभुमे, आगो, खोलानाला, रुख आदिलाई पूजा गर्छन् । प्रारम्भका दिनमा प्रकृति, हिन्दु, बौद्ध धर्म मान्ने चेपाङमा पछिल्लो समय क्रिस्चियन धर्म अङ्गाल्नेको पनि ठूलो समूह छ, जसका कारण पुस्तौँदेखिका सांस्कृतिक परम्परा भत्किँदै गएका छन् ।



नेपालका १४२ जातजातिमध्ये चेपाङ एक हो । २०६८ को जनगणनाअनुसार चेपाङको जनसङ्ख्या ६८,३९९ थियो भने २०७८ को जनगणनाअनुसार यिनको जनसङ्ख्या ८४,३६४ (०.२९ प्रतिशत) रहेको छ ।

## थातथलो : रोजाइमा विकट क्षेत्र

चेपाङको रैथाने बसोबास चुरे क्षेत्र र महाभारतको विकट पहाडी क्षेत्र हो । त्रिभुवन राजमार्गदेखि पश्चिम, हेटौंडा नारायणघाट खण्डको उत्तरी भेग, नारायणघाटदेखि मुग्लिन खण्डको पूर्वी भेग र मुग्लिनदेखि खानीखोलाको दक्षिण भेगभित्र पर्ने पहाडी भूमिको भित्री भाग चेपाङको थातथलो हो । यीमध्ये बसाइँ-सराइ गरेर केही गोरखा, तनहुँ र लमजुङतिर गएका छन् ।

अहिले काम, माम, शिक्षा र अवसरको खोजीमा यिनीहरू मनहरी, लोथर, हेटौंडा, भण्डारा, टाँडी, भरतपुर, बेनिघाट, धादिङवेशी, काठमाडौँका उपत्यकाका साथै देशका विभिन्न भागमा पुगेका छन् । अन्य आदिवासी जनजातिको तुलनामा चेपाङ समुदाय वैदेशिक रोजगारमा गएका कम मात्रामा देखिन्छन् ।

मकवानपुर मनहरी, बजारको उत्तर राक्सीराङ क्षेत्र (सरिखेत, पलाँसे, चैनपुर, खैराङ), लोथरको उत्तर शिलिङे, दामराङ, धिराङ, चितवनको भण्डाराबाट उत्तर भित्री भेगको कोराक क्षेत्र, टाँडी बजारबाट उत्तर सिद्धी क्षेत्र, धादिङको साबिकको पिडा, बेनिघाट, मझिमटारबाट दक्षिणतर्फको रोराङ क्षेत्र साविकको धुसा हालको बेनिघाट रोराङ गाउँपालिका वडा नम्बर ८ र १० मा चेपाङ समुदायको बाक्लो बसोबास रहेको छ ।



प्रारम्भमा चेपाङले आफूलाई चेपाङ भन्थे, २०३४ सालमा मनहरीमा भएको चेपाङ सम्मेलनमा तत्कालीन अधिराजकुमारी पिन्सेप शाहले 'आजबाट तिमीहरू चेपाङबाट प्रजा भयौ' भनी नामकरण गरेपछि प्रजा भन्न थाले । बहुदल (२०४६)को आगमनपश्चात् पुनः चेपाङ लेख्दै आए, हाल कसैले चेपाङ, कसैले प्रजा लेख्ने गरेका छन् ।

शारीरिक रूपमा होचा, वलिष्ठ, अन्य समुदायसँग अत्यन्त कम घुलमिल हुने सोझा र लजालु स्वभावका चेपाङ प्रायः आफ्नै समूहमा रमाउने गर्दछन् । आर्थिक, सामाजिक, राजनीतिक रूपले पछाडि रहेका तर इमानका धनी, मनका फराकिला, सधैँ हाँसीखुसी र असन्तोष व्यक्त नगर्ने सीमान्तकृत यो समुदायले पछिल्लो समयमा विगतमा भन्दा परिस्कृत जीवनशैली अपनाएको पाइन्छ ।

यिनीहरूलाई भौगोलिक सिमानाको आधारमा भन्दा पनि सामाजिक, सांस्कृतिक सिमानाले बाँधेको छ । यिनीहरूको पहिचान जातीय मात्र नभएर परम्परागत ज्ञान-सीप, संस्कार, भेषभुषा, भाषा, कला तथा संस्कृतिको आधारमा बनेको छ ।

## उद्भव, रहन, सहन

चेपाङले बसोबास स्थलको छनोट गर्दा जङ्गलको फेदी र खोलाको शिरलाई रोजेको पाइन्छ । यिनीहरूको उद्भवका बारेमा विभिन्न मत छ । केहीको मतअनुसार यिनीहरू दोलखाबाट यो क्षेत्रमा आएका हुन् भन्ने रहेको छ भने ठूलो मत यिनीहरू चितवन, मकवानपुर र धादिङका रैथाने भूमिपुत्र र यहीँ उत्पत्ति भएको हुन् भन्ने पनि रहेको छ ।











## निर्वाहमुखी जीवनयापनबाट आधुनिकतातर्फ

चेपाङ समुदाय निर्वाहमुखी जीवनयापनका लागि खोला, परम्परागत कृषि र खोरिया फँडानी क्षेत्रमा भर पर्ने गरेका छन् । यो समुदाय वन पैदावार चिउरी र सो बाट बनेका खाद्यपदार्थ, कन्दमुल, गिठ्ठा, भ्याकुर, वनतरुल, सिस्नो, फलफुल, जडिबुटी, परम्परागत पेशा माछा मार्ने, चराचमेरा र साना जङ्गली जनावरको शिकारमा आश्रित छ । डोको, डालो, नाम्लो, अम्रिसोको कुचो, जाबी (स्थानीय कच्चा पदार्थ, रुखको बोक्राबाट निर्मित परम्परागत झोला) बुन्ने काम आदिबाट आंशिक रूपमा आम्दानी गर्ने गरेका छन् ।

प्रारम्भका दिनमा ओडार, छाप्रोमा रहने चेपाङ आजका दिनमा कोही पनि ओडारमा छैनन् । विगतभन्दा आधुनिक हुँदै आएको भए पनि चेपाङ समुदायका अधिकांश घर सामान्यतया छाप्रो, भुइँतले हुनुका साथै ढुङ्गा, माटो, खर र स्याउलाले बनेका छन् । यद्यपि आयआर्जनको विकल्प र बसाइँ-सराइले गर्दा कतिपय चेपाङको घर इट्टा, सिमेन्टको प्रयोगसँगै काठ तथा जस्तापाताले समेत बनेका छन ।

हिजोको तुलनामा यो समुदायको सामाजिक रहन-सहन, जीवनस्तर, स्वास्थ्य, शिक्षाको अवस्था बढेको छ । उनीहरू दुईचारजनाको अगाडि उभिएर कुरा गर्न सक्ने भएका छन् । यतिमात्र नभएर विभिन्न आमसभा, गोष्ठी, सेमिनार आदिमा उनीहरूको उत्साहजनक उपस्थिति छ ।

चेपाङ समुदाय सामाजिक क्षेत्र, सरकारी तथा गैरसरकारी संघ/संस्था, सेना, प्रहरी, शिक्षण पेशातर्फ पनि उन्मुख छन् । राजनीतिमा संविधानसभा सदस्य, प्रदेशसभा सदस्य, प्रदेश सरकारमा मन्त्रीसम्म समेत भएका छन् । देशका विभिन्न स्थानीय निकायमा समेत यो समुदायबाट निर्वाचित हुनेको सङ्ख्या भेटिन्छ ।



विगत भन्दा उल्लेखनीय सुधारका बाबजुद ग्रामीण क्षेत्रमा गएर हेर्ने हो भने उनीहरूको आर्थिक, सामाजिक अवस्था अझै पनि अत्यन्त कमजोर छ । बीचैमा पढाइ छाडेका, कुपोषणले ग्रस्त, बालविवाहको कुचक्रमा फसेका बालबालिका साथै दर्जनौं बालबालिका जन्माउने कमजोर महिला प्रशस्त भेटिन्छन् ।

यो समुदायमा '**केही राम्रो गरौं**' भन्ने हिम्मतका साथ अगाडि बढेका श्रमजीवीको एउटा ठूलो समूह छ। आधुनिक तरिकाबाट जीविकोपार्जनका विभिन्न माध्यममध्ये यिनीहरू कृषि, मौरीपालन, पशुपालन, व्यापार व्यवसायमा संलग्न भएका छन् । अर्कोतर्फ चिन्तालाग्दो ढङ्गले आफ्नो काम र पेशाप्रति इमान्दार नभएका व्यक्ति पनि यो समुदायमा भेटिन्छन् । उनीहरू विभिन्न अवैध काममा संलग्न भएर बद्नाम हुँदै गएका छन् । केही व्यक्तिविशेषको कारणले समग्र चेपाङप्रतिको बुझाइमा नै गम्भीर प्रश्न खडा गरेको छ ।


चमेरो





चमेरो रातमा सक्रिय हुने (nocturnal) र दिउँसोको समयमा आफ्नो शरीरको सन्तुलन कायम गर्न र उड्न सहजताका लागि झुन्डिएर टाउको तलतिर पारेर बस्ने प्राणी हो ।

हावामा उड्ने, झट्ट हेर्दा चरा जस्तो देखिए पनि, वास्तवमा यी प्रजाति स्तनधारी वर्गको chiroptera उपवर्गअन्तर्गत पर्छन् । संसारमा स्तनधारी प्राणीमध्ये उड्न सक्ने जनावर चमेरा मात्रै हो। अहिलेसम्म संसारमा १,४०० भन्दा बढी प्रजातिको अभिलेखन गरिएको छ । नेपालमा स्तनधारी जनावरमध्ये धेरै पाइने प्रजाति चमेरो हो।

नेपालमा ५७ प्रजातिका चमेरो पाइएको विभिन्न अध्ययनले देखाएको छ। नेपालमा पाइने सोर्वाको मुसाकाने चमेरो नेपालको रैथाने प्रजाति हो । आहाराको आधारमा चमेरालाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ : मांसाहारी र शाकाहारी/फलाहारी । संसारमा भएका चमेरोमध्ये करिब ७० प्रतिशत फलाहारी/शाकाहारी र करिब ३० प्रतिशत मांसाहारी रहेका छन् ।

चमेरो मूलतः गुफा, रुखको टोड्का, पुरानो घरको भित्ता वा छत,



केराको घारी आदिमा बस्ने गर्छन्। पोखराका विभिन्न गुफा, भक्तपुरको सल्लाघारी, नारायणहिटी राजदरबार क्षेत्र, केशरमहल, ललितपुरको बज्रबाराही मन्दिरलगायत नेपालका विभिन्न भागमा चमेरो प्रशस्त पाइए तापनि अहिले कति घटेको छ, त्यसको तथ्याङ्क हामीसँग छैन तर विगतको तुलनामा उल्लेखनीय रूपमा घटेको अनुमान गर्न सकिन्छ।

## स्वस्थताको सूचक

चमेरो स्वस्थ्य वातावरणको सूचक हो र वातावरण संरक्षणका हिसाबले एक महत्त्वपूर्ण प्रजाति हो। फलाहारी चमेरो वनस्पतिमा परागसेचनका लागि एक उत्कृष्ट माध्यम हो। चमेरोले चिउरी, सिमल, टोटला, केरा, मेवा, आँप, लिची, अम्बा, अमला, पिपल, कदम, निम, सजीवन, जामुनलगायत करिब ७०० प्रजातिका वनस्पतिमा परागसेचन गर्ने कुरा विभिन्न अध्ययनले देखाएको छ।

चमेराले परागसेचन गराउने मात्र होइन, वनस्पतिलाई एक ठाउँबाट अर्को ठाउँमा फैलाउन मद्दत पनि गर्छ । चमेराले सिमल, खन्नेटो, रुद्राक्ष, कफी, बर, पिपल, अम्बा, डुम्री, समीका फल टाढा-टाढा लगेर खान्छ र त्यसको बिउ झार्छ र तिनका बिरुवा उम्रन्छन्। त्यसैगरी विष्टाबाट विभिन्न ठाउँमा तिनका बिरुवा उम्रन्छन् ।

मांसाहारी चमेरोले हजारौंको सङ्ख्यामा लामखुट्टे, भुसुनालगायत अन्य हानिकारक किरा खाइदिएर मानव स्वास्थ्यमा अतुलनीय योगदान पुऱ्याएको छ। चमेरोको समूहले अन्नबाली खाइदिने वा नोक्शान गर्ने किरा आदिलाई खाएर अन्न जोगाउन पनि मद्दत पुऱ्याउँछ।

चमेरोको विष्टा एक उत्कृष्ट प्राङ्गारिक मल हो । यसको विष्टाको



सही सदुपयोग गर्न सके किसानले लाभ पाउन सक्छन् ।


हामीले यसको सकारात्मक पक्षलाई उजागर गर्न सकेका छैनौँ । त्यसैले कै यौँ स्थानमा फलफूल बालिनाली नोक्सान गऱ्यो भनेर सबै रिस प्रकृतिको यो अत्यन्त गुणकारी प्राणीमाथि पोख्ने गरिन्छ ।

## तीव्र सङ्कट र संरक्षणको पहल

हाम्रो बेवास्ता, चेतनाको अभावले चमेरो दिन प्रतिदिन सङ्कटमा छन् । हिजोका दिनमा ग्रामीण क्षेत्रमा आकाशै ढाक्ने गरेर उड्ने चमेरो आज गन्न सकिने अवस्थामा आइपुगेका छन् । कारण एक होइन, अनेक छन्, तर प्रमुख कारणमध्ये चमेरोको शिकार एक हो । नेपालमा चेपाङ, सतार, चिडिमारलगायतका जातिले मासुका लागि यसलाई पासोमा पारेर मार्ने गरेका छन् । नेपालका मात्र नभएर विश्वका विभिन्न भागमा चमेरो शिकार गर्ने गरिएको छ ।

अर्को महत्त्वपूर्ण कारण यसको न्यून प्रजननदर हो । सामान्यतया एक चमेरोले एक वर्षमा एक बेत र एक बेतमा एक मात्र बच्चा जन्माउने हुनाले पनि यसको वृद्धिदर कम छ । पोथी चमेरोले बच्चा भएको बेलामा आफ्नो शरीरमै बच्चा राखेर उड्छ । त्यसैले माउ चमेरो शिकारमा पर्नु भनेको माउ र बच्चा दुवै मारिनु हो ।

जलवायु परिवर्तनको असर, तीब्र शहरीकरण, कोलाहल, धुँवाधुलो, वायु प्रदुषण, बिजुलीको नाङ्गो तार, खाद्यान्नमा विषादी प्रयोग, अग्ला रुख एवम् बासस्थानको विनास, अन्धविश्वास र चेतना अभावले यिनको सङ्ख्या तीव्र गतिले घटिरहेको छ ।







चमेरोको घट्दो सङ्ख्या, खुम्चँदो बासस्थानलाई प्रवर्द्धन गर्न विश्वभरिका संरक्षणकर्मी निरन्तर लागिरहेका छन् । संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रम (UNEP) ले सन् २०११-१२ लाई चमेरो संरक्षण वर्षका रूपमा मनाएको थियो ।

चमेरो शितकालीन निद्रामा (hibernation period) जाने प्रजाति हो । अप्रिल लागेपछि यसको सक्रियता निकै बढ्ने गर्छ । यसैको आधारमा यसको संरक्षणमा सहयोग पुगोस् भन्ने हेतुले प्रत्येक वर्षको अप्रिल १७ मा **अन्तर्राष्ट्रिय चमेरो संरक्षण दिवस** विश्वभर मनाइने गरिएको छ ।

चमेरोको प्रजनन् समय अगष्ट महिना हो । यो समयमा चमेरो बढी सक्रिय हुने हुनाले UNEP/ EUROBATS ले सचेतना अभिवृद्धिका लागि सन् १९९७ देखि अगष्ट महिनाको अन्तिम हप्तामा अन्तर्राष्ट्रिय 'चमेरो रात्री' (international bat night) विश्वभरि मनाउँदै आएको छ ।

नेपालमा पनि विभिन्न स्थानमा, विभिन्न संघ/संस्थाले कार्यक्रम गरेर '**चमेरो संरक्षण दिवस**' र '**चमेरो रात्री**' मनाउने गरिएको छ । विभिन्न जिल्लामा विभिन्न संघ/संस्थाको आयोजनामा चमेरो संरक्षणका विभिन्न गतिविधि सञ्चालन भइरहेका छन् ।



# चिउरी, चेपाङ र चमेरो जीवन्त अन्तरसम्बन्ध







चेपाङ समुदाय सामाजिक, आर्थिकलगायत अन्य हिसाबले पछाडि परेको आदिवासी समुदाय हो । चेपाङ समुदायका लागि चिउरी अमूल्य सम्पदा, जीविकोपार्जन र आर्थिक उपार्जनका लागि मुख्य स्रोत हो र चिउरीसँग प्रथाजनित अधिकार, सांस्कृतिक सम्बन्ध राख्दै र यसको वरिपरि नै आफूलाई केन्द्रित गर्दै आएको छ ।

**'जहाँ चेपाङ, त्यहाँ चिउरी'** भन्ने जीवन्त सम्बन्धसहित सदियौँदेखि यो समुदाय एक होइन, अनेक हिसाबले चिउरीमा आश्रित रहँदै आएको छ । वर्तमानको फरक अवस्था र परिस्थितिका बाबजुद पनि एक-आपसमा अन्तरनिर्भर छ ।

जीवननिर्वाहका लागि चिउरीमा आश्रित चमेरो र चिउरी फलका लागि चमेरोको परागसेचनमा आश्रित चिउरीको सम्बन्ध पारिस्थितिकीय सम्बन्धको एक उच्च नमूना हो । मासु तथा खाद्यान्नका लागि चमेरोको शिकारमा आश्रित चेपाङ समुदाय र पछिल्लो समय चमरो संरक्षणका लागि जुट्दै गरेको चेपाङ समुदायको सम्बन्ध सोख, जीविकोपार्जन र संरक्षणको त्रिकोणात्मक सम्बन्ध हो ।

चिउरी, चेपाङ र चमेरोको सम्बन्धलाई हामी सहजताका लागि 'चिउरी त्रिभुज' भन्न सक्छौँ । एक-आपसमा जेलिएको यो अन्तरनिर्भरतालाई कुनै एक पक्षमा मात्र सीमित राखेर हेरियो भने उनीहरूको सम्बन्धका बारेमा केवल एकात्मक बुझाइ मात्र हुनेछ । चिउरी र चमेरोसँग चेपाङ समुदायको एक होइन, अनेक पारम्पारिक, प्रगाढ र जीवन्त अन्तरसम्बन्ध रहेको छ । तसर्थ, यिनको सम्बन्धलाई बहुआयामिक ढङ्गले बुझ्ने विश्लेषण गर्ने र परिवर्तित अवस्थाअनुसार बदल्ने अभियानमा जुट्नु पर्छ ।

## चिउरी जीवन आधार

**(Lifeline of chepang community)**

कुनै समय चिउरी चेपाङ समुदायको आर्थिक स्रोतको मुख्य आधार मात्र होइन कि जीवन आधार (once upon a time chiuri was lifeline of chepang community) रहेको थियो । चिउरीको बियाँलाई परम्परागत चेपुवामा (चेपाङ भाषामा खालाङ) पेली तेल उत्पादन गरिन्थो र स्थानीय बजारमा बेचिन्थ्यो । दसैँ, तिहार, लत्ताकपडा, गर्जो टार्ने माध्यम नै चिउरी थियो । वर्षभरि गुजारा चलाउन 'भुटुन' नै यही थियो ।

हातगोडा, ओठमुख फुटेको ठाउँमा नरम बनाउन घ्युको प्रयोग गरिन्थ्यो । बियाँ बिक्री र तेलको अलावा पिना कृषिबालीमा किटनासक औषधी तथा मलको रूपमा प्रयोग गर्ने, अन्नसँग साट्न र परम्परागत माछा मार्न समेत चेपाङले प्रयोग गर्थे र अहिले पनि गर्छन् ।



सुरुका दिनमा चेपाङ समुदायले मट्टितेलको अभावमा बत्ति बाल्न र वर्षातमा खुट्टा हिलोले खाएको बेलामा चिउरीको घिउको प्रयोग गर्थे।

जीवन आधारका लागि चेपाङ चिउरीको वरिपरि बसे, यसैगरी मौरी चिउरीको बोटमा झुम्मिए अनि यही चक्रलाई चेपाङ समुदायले परम्परागत रूपमा मौरी पालनलाई प्रमुख पेशाका रूपमा विकास गरे।

यो एक हदसम्मको व्यवसाय थियो। यसले आफू र आफ्ना केटाकेटीका लागि पौष्टिकताको अलावा मह बिक्रीबाट जीविकोपार्जनमा समेत सहयोग पुगेको थियो। यसरी चेपाङ समुदायका लागि चिउरीसँगै मौरी पनि अभिन्न अङ्गका रूपमा स्थापित हुन पुग्यो। परिणामस्वरूप **'जहाँ चेपाङ, त्यहाँ चिउरी, जहाँ चिउरी त्यहाँ मौरी'** भन्न थालियो।

## छोरीलाई चिउरी, घिउ अनि मौरी

चिउरी र चेपाङको सम्बन्ध केवल आर्थिक पाटोमा मात्र सीमित थिएन। सामान्य ढङ्गले हेर्दा यो सम्बन्ध जीविकोपार्जनको जस्तो देखिए तापनि कैयौँ अवस्थामा सामाजिक, सांस्कृतिक र आत्मीय सम्बन्ध थियो।

चिउरी बहुउपयोगी र भरोसायोग्य देखेर सांस्कृतिक परम्पराका रूपमा मकवानपुर (साविकको काँकड़ा, शिलिङ्गे र चितवनको लोथर गाविस) का चेपाङले छोरीको बिहेमा चिउरीको बोट दाइजो दिने गरेका थिए। आफ्नो विवाहित छोरीलाई मह, तेल, घिउ खान दुःख नहोस् भनेर माइतीले चिउरीका ठूला बोट नै दाइजो दिने र चेली माइत आउँदा त्यही रुखको तेल, घिउ घर लैजाने परम्परा थियो। २०४६ पछि यो चलन विस्तारै हराउँदै गयो।

## लालपुर्जा होइन, चिउरी पुर्जा

बहुदलीय व्यवस्थाको आगमन (२०४६) भन्दा अगाडि वन ऐन, २०१८ र पञ्चायत संरक्षित वन नियमवाली, २०३५ को अधिनमा रहेर व्यक्तिगत रूपमा चेपाङलाई चिउरीको संरक्षण गर्ने र त्यसको सदुपयोग गर्नका लागि रुख सङ्ख्या तोकेर नै तत्कालीन समयमा जिल्ला वन कार्यालय, मकवानपुरबाट शिलिङ्गे, दामराङका (साबिकको काँकड़ा गाविस) चेपाङलाई चिउरी पुर्जा जारी गर्ने चलन रहेको थिथो।

व्यक्तिविशेषलाई तोकेर चिउरीको पुर्जा जारी गर्दा परिवार स्याहार-सम्भारमा












लाग्ने हुनाले चिउरीको संरक्षण तथा बुद्धिमत्तापूर्ण उपयोग भएको थियो तर यो पुर्जा अधिकार मकवानपुरका अन्य क्षेत्र, चितवन र धादिङमा पाइएन ।

चितवनका केही सामुदायिक वनमा भने समूहले स्थानीय चेपाङलाई परम्परागत रूपमा चिउरीको क्षेत्र भाग लगाएर व्यवस्थापन गर्न दिने अभ्यास थियो । केही सामुदायिक वनमा अझै पनि यो परम्परा बाँकी छ । यसले ती रुखप्रति एक प्रकारको अपनत्व बढेको पाइयो ।



जिल्ला वन कार्यालय

मकवानपुर

प्रमाण–पत्र

सिताराम प्रजा

कोंकडा

सिताराम

छिनिडे

प्रमाण-पत्र दिने अधिकृत

राजेन्द्र बहादुर के.सी.

नि. जिल्ला वन अधिकृत

## चिउरी र चमेरो : पारिस्थितिकीय सम्बन्धको उच्च नमूना

प्रकृतिले सबैलाई केही न केही निश्चित गुण र क्षमता दिएको हुन्छ, जसले सहज ढङ्गले पारिस्थितिकीय प्रणाली सञ्चालन हुने गर्छ । यी चक्रमध्ये एउटा पनि चक्र कमजोर भएमा अर्को पक्ष आफैँमा कमजोर हुन पुग्छ ।

हामीमध्ये धेरैलाई थाहा नभएको वा थाहा भए पनि वास्ता नगरिएको र जसलाई बुझाउनु पर्ने हो, उसलाई नै बुझाउन नसकिएको हेर्दा सामान्य लाग्ने तर महत्त्वपूर्ण एउटा पक्ष चमेरो र चिउरीको सहकार्य हो ।

चमेरा चिउरीको प्रवर्द्धनका लागि महत्त्वपूर्ण सम्वाहक हुन् । चिउरीको फूल फुलेपश्चात् फल लाग्न चिउरीमा परागसचेन हुन जरुरी हुन्छ, जुन मुख्य गरेर चमेराको सहायताले हुने गर्छ । फूल फुल्ने समयमा जब चमेरा रस खाँदै रुख चार्हछन्, तब यिनको शरीरमा टाँसिएर रहेका पराग पुङ्केसरबाट (भाले फूल) स्त्रीकेशरमा (पोथि फूल) सर्छन् र चिउरीको प्रजनन् प्रक्रिया पूरा हुन्छ र चिउरीमा फल लाग्छ ।

चिउरीको रस (नेक्टर) प्रायः रातको समयमा उत्पादन हुने र रातको समयमा चरा, मौरीलगायत प्रजाति आराम गर्ने तर चमेरो रातमा सक्रिय हुनाले पनि चमेरो चिउरीको परागसेचनका लागि एक प्रमुख सम्वाहक हुन् भन्ने पुष्टि हुन्छ ।

शाकाहारी चमेरोको प्रमुख आहारामध्ये चिउरी एक हो । चमेराले चिउरीको रस, पराग र फल आहाराको रूपमा खाने हुनाले एक आपसमा एउटाले खाद्यान्न उपलब्ध गराउने र अर्कोले परागसेचनमा मद्दत पुर्‍याउने यिनको सम्बन्धलाइ महत्त्वपूर्ण पारिस्थितिकीय चक्रको रूपमा बुझ्नु पर्दछ ।

## चेपाङ र चमेरो
## नकारात्मकताबाट सकारात्मकतातर्फ

चिउरीसँग पारिस्थितिकीय सम्बन्ध रहेको प्राणी चमेरा हो । दुर्भाग्य जानी, नजानी चेपाङ समुदाय र चमेरोको सम्बन्ध नकारात्मक रहेको छ । चेपाङ समुदायमा चमेरो मार्ने र त्यसको मासु खाने प्रचलन परम्परागत रूपमा रही आएको छ । यो समुदायले ससुराली/माइती जाँदा चमेराको मासु उपहारका रूपमा लैजाने र पाहुनालाई स्वागत र सत्कारका लागि खुवाउने चलनले पनि चमेरालाई निकै नोक्सान पुर्‍याएको छ ।



चमेरोको शिकारका लागि राखिएको जाल (भुवा)।



बिक्रीका लागि उसिनेर राखिएको चमेरो।

जब चिउरीका फल तथा फूलका रस खान चमेरा आँउछन्, तब चेपाङ र तामाङ समुदायले पासो थापेर शिकार गर्छन् । चमेराको शिकार गर्ने चेपाङको आफ्नै सीप र विधि रहेको छ । चमेरो मार्न उनीहरू जाली बनाउने गर्छन्, जसलाई 'भुवा' भनिन्छ । यसलाई बाँसको सहायताले पासो बनाई चमेराको शिकार गर्छन् ।


सिलिंगे, कोराक, सिद्धी क्षेत्रमा कति प्रकारका चमेरो पाइन्छ भन्ने यकिन तथ्याङ्क हामीसँग छैन तर त्यहाँ चेपाङले मार्ने मुख्य रूपमा चमेराका दुई प्रजाति मिर्मिरे चमेरो Dawn Bat *(Eonycteris spelaea)* र सानो बदुरा पनि भनिने जिब्रो पड्काउने फलाहारी चमेरो (*Rousettus leschenaultii*) हुन् ।

चेपाङ समुदायले चिउरीको जीवन आधार रहेको चमेरो कुनै रीतिरिवाज भन्दा मासुका लागि शिकार गरेर नाश गरिरहेका छन् । पछिल्लो समय चेपाङबाहेकका अन्य जातजाति पनि चमेरोको मासुमा आकर्षित हुने गरेका छन् । चितवन, मकवानपुरका चेपाङ बाहुल्य क्षेत्रबाट चमेरो मारेर स्थानीय बजारमा समेत लगेर बिक्री गरिएकाले चमेरा मासिँदै गएका छन् । चमेरो शिकार चेपाङ समुदायका लागि खाद्यान्नको स्रोत मात्र नभएर सोख र व्यापारमा समेत रुपान्तरण भएको देखिन्छ । यसले चमेरा संरक्षणमा समस्या देखिएको छ ।

अत्यधिक शिकारले चमेराको सङ्ख्यामा निकै कमी आएको छ, जसको कारण चिउरीको उत्पादन विगतभन्दा क्रमशः कम हुँदै गएको छ ।








परम्परागत चिउरी प्रवर्द्धनका लागि चमेरो शिकार घातक सिद्ध भएको छ। सबै चेपाङ चमेरो शिकारी होइनन्, केही पेशेवर शिकारी छन्, जसलाई 'चमेरो शिकारी' को उपनामले पनि चिनिन्छन् । यिनलाई कानुनी दायरमा ल्याउन सकिएको छैन ।

केही गैरसरकारी संस्थाको सहयोगमा चिउरी, चमेरो संरक्षण समिति, चमेरो संरक्षण युवा क्लब बनाइएको थियो तर धेरै प्रभावकारी हुन सकेन । प्रभावकारी हुन नसक्नुमा यस्तो मत पाइयो । 'पहिलो कुरा हामीले राम्रोसँग सम्झाउन सकेनौँ, दिनभरि चमेरो संरक्षण समितिको छलफलमा बस्ने बेलुका आफैँ गएर चमेरो मार्ने अनि सम्झाउन खोज्यो पिता, पुर्खादेखि मार्दै आएका हौँ, को हौ तिमी रोक्ने भन्ने पनि निस्किए, कानुनी कुराको पनि अभाव भयो । योजना समाप्तिसँगै अभियान समाप्त भयो । पालिका, स्थानीय युवा, मौरीपालक किसान समूह, सामुदायिक वनले जति अपनत्व लिनु पर्ने हो, त्यति लिएनन्, कार्यक्रम निरन्तरता हुन् सकेन, अभियान बीचमा अलपत्र पर्‍यो ।'

चमेरो शिकार विगतको तुलनामा उल्लेख्य रूपमा घटेको छ। सायद चमेरा सकिँदै गएर पनि हुन सक्छ। अर्को कुरा, चेतना पनि हो। चेपाङ समुदाय, जो मासुका लागि कुनै दिन चमेरा र अन्य जङ्गली जनावरको शिकारमा भर पर्नुपर्ने बाध्यता थियो, आजभोलि त्यो बाध्यता छैन ।





# हामीले जे देख्यौं





छोटो समय, स्वः अध्ययन र कैयौँ सीमितताका बाबजुद यो अध्ययनले केही नयाँ तथ्य र सम्भावनालाई उजागर गरेको छ। स्थानीय चेपाङ समूह, अगुवा, जानकारसँगको छलफल, प्रत्यक्ष 'फिल्ड भ्रमण'मा देखेको, सुनेको अनुभव, अध्ययनका क्रममा आएका तथ्य, अनलाइन, पत्रपत्रिकामा प्रकाशित लेख, समाचार पुराना र दोस्रो तहका तथ्याङ्कलाई आधार मानेर हामी निम्नअनुसारको निष्कर्षमा आइपुगेका छौँ।

## घट्दो चिउरी, बढ्दो चिन्ता

चिउरी गुणकारी छ, मानव हितकारी छ, चेपाङको जीवनपद्धतिसँग गासिएको छ तर यी क्षेत्रमा चिउरी चिन्तालाग्दो ढङ्गले घटिरहेका छन्। प्राकृतिक जङ्गल र निजी जग्गामा एक होइन, अनेक कारणले चिउरी घटेका छन्।

चिउरीका धेरै रुख बुढा भएर मरे, केही हावाहुरिले ढले, केही चट्याङले मरे, कतिपयलाई डढेलोले खायो, नयाँ रोपन हुन सकेन। प्राकृतिक रूपमा उम्रिएका बिरुवालाई पनि जोगाउन सकिएन। हाम्रो अध्ययन क्षेत्र मकवानपुर, चितवन र धादिङको चिउरी बाहुल्य सबै स्थानमा विगतको तुलनामा चिउरीको बोट र त्यसबाट बियाँ उत्पादन अत्याधिक घटेको छ। यो कुरामा सबै सरोकारवाला एकमतले सहमत भएका छन्।

कैयौँ सामुदायिक वनमा ठूला रुख छन् तर पुनरुत्पादन अत्यन्तै कम छ, हामीले यी तथ्यमा ध्यान दिन सकेका छैनौँ। बिरुवा न्यून हुनु भनेको



रोग र बेवास्ताले सुक्दै गएको चिउरीको रुख।

अहिले भएका ठूला रुख समयक्रममा मरेपछि वा कुनै कारणले त्यहाँबाट विस्थापित भएपछि चिउरीको प्रसिद्ध क्षेत्रको रूपमा स्थापित ती क्षेत्रले आफ्नो पहिचान पनि गुमाउनु हो । यसले केवल वातावरणीय पक्ष मात्र कमजोर हुँदैन, जैविक विविधताका कैयौँ आयाम, चमेरोको आहारा क्षेत्र र त्यहाँ हाल सिर्जित भएको रोजगारको अवसर, मौरीपालनबाट भएको आम्दानी र यसको प्रसिद्धिमा समेत असर पुग्छ। आधुनिक मौरीपालनमा आश्रित रहेका चेपाङ समुदाय र व्यापारिक हिसाबमा मौरीपालन गर्दै आएका एउटा समूह वा वर्गविशेष र रोजगारीलाई प्रत्यक्ष असर पर्ने देखिन्छ।

यहाँको चिउरी क्षेत्र हेर्दा वर्षातमा बिउ झरेर अत्यन्त राम्रो ढङ्गले बिरुवा उम्रिएको पाइयो तर स्वभावले पनि चिउरीका ठूला रुखका मुनि साना बिरुवा हुर्कन नसक्ने, अन्यत्र उम्रिएका बिरुवाको उचित संरक्षणको अभाव, खुल्ला चरिचरणले २-३ महिनाभित्र सबैजसो बिरुवा मरेर जाने अवस्था छ। यस्तो समस्या देशका अरू धेरै समूहमा हुन सक्छन् ।

खोरिया फँडानी, वन डढेलो, खुल्ला र अधिक चरिचरण, माइकेनिया झारको प्रभाव र हिउँदमा डालेघाँसको रूपमा अधिक प्रयोगले चिउरी सकिँदै गएको छ । यो क्षेत्रबाट चिउरी सकिनु भनेको एकमात्र होइन, अनेक कुरा सकिनु हो भन्ने कुरा हामी वनकर्मी, पालिका वा चेपाङका संघ/संस्थाले बुझाउन सकेनौँ या यहाँका चेपाङ समुदायले आत्मासात् गर्न सकेनन् ।

चितवन र मकवानपुरका चिउरीमा सामान्यतय रोग लागेको देखिएन तर धादिङका चिउरिमा रोग देखियो। मूलतः रोटे भनेर चिनिने रातो कमिला, जसले चिउरीको पातलाई डल्लो पारेर गुड लगाउँछ र पात क्रमशः सुक्दै जान्छ। यिनका कारण पनि केही चिउरीका रुख मरेको पाइयो ।

जङ्गली अवस्थाको चिउरी नोक्सानीको एउटा प्रमुख कारण डोजरे विकास र अन्धाधुन्ध बाटो निर्माण हो । बाटो आवश्यक, अनावश्यक स्थान यत्रतत्र बने, यी बाटो यिनै चिउरीको घना र प्राकृतिक वन हुँदै आए । यसले ठूलो नोक्सानी गऱ्यो अनि बाटो बन्ने क्रममा निस्केका ढुङ्गामाटोका कारणले चिउरी नोक्सान भए । अहिले पनि तुलनात्मक रूपमा बाटो नपुगेको क्षेत्रमा चिउरीको जङ्गल घना देखिन्छ।

सामन्यतया चितवन, मकवानपुरका चेपाङले हरियो चिउरीको रुख काटेको पाइएन तर यसको अपवाद धादिङको रोराङ्ग क्षेत्र धुसामा बाटोको आगमनसँगै गाउँमा काठका ठेकेदारलाई चेपाङ समुदायले हरियो चिउरीको रुख बिक्री गरेर सकाए । यसरी यो क्षेत्रमा स्थानीयका लागि बाटो वरदान भए तापनि चिउरीका लागि अभिशाप भयो। चिउरी प्रवर्द्धन







र विकासका लागि हुनुपर्नेमा उल्टो विनाश भयो। चिउरी जोगाउन नियमन गर्ने निकायले सायद प्रभावकारी नियमन गर्न सकेनन् होला।

धादिङमा चिउरीप्रतिको चरम बेवास्ता, उचित स्याहार, सम्भार नपुगेर पनि त्यहाँ चिउरीका बोट निकै कम मात्र रहेका छन्। अब त्यहाँको चेपाङको युवा पुस्ता र स्थानीयले नया ढङ्गले नसोच्ने र वन कार्यालय र पालिकाले हस्तक्षेप नगर्ने हो भने चिउरीको संरक्षण र अभियानमा गम्भीर समस्या देखिन्छ।

## चिउरीमाथिको घट्दो निर्भरता

हिजो जस्तो बियाँ बिक्री गर्ने समुदाय (पुरानो पुस्ता) कम हुँदै गयो। भौगोलिक रूपले चिउरी भिरालो क्षेत्रमा हुने, भिरालो स्थानमा बियाँ टिप्नुपर्ने, वर्षातमा टिप्न कठिन भयो। चेपाङ गाउँका दुर्गम स्थानबाट बियाँ सङ्कलन गरी बजारमा बिक्री गर्न ढुवानीको समस्या हुनु, बोकेर लैजाने समूहको कमी, गाडीको उपलब्धता कमी, उपलब्ध भएको स्थानमा समेत कच्ची सडकका कारणले महङ्गो गाडीभाडा, जसले गर्दा चिउरी र श्रमको मूल्य नउठ्ने आदि कारण छन्।

उत्पादन कम भएपछि बियाँ खरिद गर्ने व्यापारीको सङ्ख्या कम हुँदै गयो, बियाँको भने जति रकम नपाउनु, युवा पुस्ताले यो पेशालाई कम प्राथमिकता दिनु, पुरानो (बुढा) पुस्ता अब क्रमशः बुढो हुँदै जानु, घरका युवाको भरमा जीविकोपार्जनमा भर पर्नु, परम्परागत थातथलोबाट बसाइँसराइ आदि कारणले बियाँ सङ्कलनमा उल्लेख्य कमी भयो, जसले संस्कृति र जीविकोपार्जनमा समेत असर गऱ्यो।

चिउरीको बियाँबाट तेल निकाल्ने र बजारमा लगेर बेच्ने काम क्रमशः कम हुँदै गएको छ। मूलतः चिउरीको घिउको विकल्पमा बजारिया तेलले स्थान लिएको छ। चिउरीका विभिन्न भागको परम्परागत प्रयोग पनि उल्लेख्य रूपमा घटेको छ।

विगतभन्दा चिउरीको घिउको बिक्री कम भएको छ। कारण धेरै छन्, प्रमुख कारणमा बजार भए पनि गुणस्तर कायम हुन सकेन किनकि चेपाङ समुदाय परम्परागत चेपुवामा नै भर परिरह्यो। यसले एकातिर तुलनात्मक रूपमा शुद्ध घिउतेलको उत्पादन भएन भने अर्कोतिर प्रयोग भएको बियाँको तुलनामा सोही अनुसारको घिउ उत्पादन हुन सकेन। यसरी लगानीअनुसारको प्रतिफल नभएपछि क्रमशः रुची कम हुँदै गयो। बजार कहाँबाट कहाँ पुग्यो, पद्धतिले फड्को मार्न सकेन। नयाँ प्रविधिको प्रयोग र प्रविधि भित्रिन सकेन, भएको प्रविधि पनि सदुपयोग हुन सकेन।

केही लोभीपापीले अतिरिक्त पैसाको लोभमा पिडालु उसिनेर चिउरीको घिउमा मिसाए, जसले परम्परागत स्थानीय बजारमा पनि असर पऱ्यो। मन्दिर, गुम्बामा दियो, बाल्नका लागि अत्यन्त राम्रो मानिने चिउरीको घिउमा पनि केही मिसावट गरिदिनाले क्रमशः माग कम हुँदै गयो। यसले मेहनतसाथ घिउ उत्पादन गर्ने समूहलाई नकारात्मक असर पऱ्यो।



शिक्षामा आएको सुधार, पेशामा भएको परिवर्तन, सीपमा भएको अभिवृद्धि, विविध रोजगारका अवसर आदिले चेपाङलगायत अन्य सबै समुदायको वैकल्पिक आयमा वृद्धि भयो, जसले परम्परागत ढङ्गले प्रयोग हुँदै आएको चिउरीको प्रयोग स्वाभाविक रूपले कम भयो ।

सरकारले उपलब्ध गराएको वृद्धभत्ता र अन्य सामाजिक भत्ता जीविकोपार्जनको मेरुदण्ड हुन पुग्यो । विभिन्न संघ/संस्थाले दिने अनुदान रकम, लत्ताकपडा, खाद्यान्नले समेत क्रमशः चिउरीमाथिको निर्भरता कम हुँदै गयो ।

यसरी एकपछि अर्को कारणले चेपाङ समुदायमा चिउरी पेल्ने चेपुवा समेत अब लोप हुने अवस्थामा पुगेको छ भने नयाँ पुस्ताका लागि यसको प्रयोग र उपयोगिता इतिहासमा मात्र सीमित हुने अवस्था रहेको छ । हिजो सबै घरमा तेल पेल्ने चेपुवा अनिवार्य नै थियो । अब घरघरको चेपुवा टोलटोलमा सीमित भएको छ र क्रमशः टोलबाट गाउँमा खुम्चने क्रममा छ । भएका चेपुवा पनि प्रयोगबिहीन देखिन्छन् ।

## क्यारम बोर्ड र टिकटक पुस्ताको उदय

अन्य समुदायमा जस्तै चेपाङ समुदायमा पनि द्रूततर बढेको पुस्ता भनेको क्यारेम बोर्ड, ड्यु (एक प्रकारको चिसो पेय पदार्थ) र टिकटक पुस्ता हो । हिजोको हजुरबाउ पुस्ता, बाउ पुस्ताले चिउरीलाई जति माया गऱ्यो, तीतो शब्दमा भन्दा अहिलेको छोरा वा नाति पुस्ताले चिउरीलाई माया गरेन । रुख बिरुवाले पनि मान्छे जस्तै माया, सद्भाव, स्याहार खोज्ने रहेछ, खोज्यो, पाएन अनि चेपाङलाई एकोहोरो माया उसले मात्र कति गरोस्, क्रमशः उसले पनि माया गर्न छाडिदियो, त्यसपछि जे नहुनु थियो, त्यही भयो ।



प्रयोगबिहीन हुँदै गएको चेपुवा ।

हिजोको दिनमा चिउरी चेपाङको जीवन आधार थियो, चिउरी उच्च प्राथमिकतामा थियो, चेपाङ आफैँले रोप्थे, जोगाउँथे तर पुरानो पुस्ताको अन्त्यसँगै चिउरी सकिँदैछ । नयाँ रोपण हुन सकेन, रोपिएका पनि जोगाउन सकिएन । चिउरीको प्राथमिकता विगत भन्दा कम हुँदै गयो । अहिले पनि हजुरबा पुस्ताले आफ्नो निजी जग्गामा रोपण गरेका सयौँ ठूला रुख देख्न सकिन्छ तर नाति वा छोरो पुस्तालाई सोध्यो भने एउटा बिरुवा पनि लगाएको देखिँदैन ।

चेपाङ समुदायका युवा पुस्ता अब चिउरीको नयाँ बिरुवा लगाउने, बियाँ बेचेर आम्दानी लिने र परम्परागत तेलको प्रयोगबाट निकै पर पुगेको छ ।









धार्मिक र सांस्कृतिक हिसाबले पनि चिउरीको रोजाइबाट समाज क्रमशः टाढा हुँदै छन्, अर्को भाषामा भन्दा चिउरीप्रतिको रुची कम हुँदै गएको छ।

अहिलेका चेपाङ युवा त्यति अग्रसर देखिँदैनन्, बरु दिनभरि क्यारेम खेलेर, सामाजिक सञ्जालमा अल्मलिएर 'ड्यु' खाएर सजिलै दिन बिताउँछन् तर यी सबै गर्न तयार छैनन् । पुराना पुस्ताबाट यी कुरा सबै सम्भव छैन । सबैभन्दा पहिला यो तथ्यलाई हामीले आत्मसात् गर्नुपर्ने देखिन्छ र परम्परागत ढङ्गबाट सम्भव छैन । नयाँ र जबरजस्ती हस्तक्षेपको आवश्यकता छ।

## विना अध्ययनको लगानी, बालुवामा पानी

सरकारी वा गैरसरकारी तवरमा चिउरी र चेपाङ समुदायमाथिको लगानी करिब सबै असफल भए भनेर भन्दा फरक नपर्ला। सरकारी स्तरमा पनि चिउरीले जति स्थान पाउनु पर्ने हो, त्यति पाउन नसके तापनि राज्यले लगानी गर्दै गरेन भन्न नमिल्ला तर कहाँ के विषयमा लगानी गर्ने भन्ने कुरामा स्पष्ट नहुँदा सबैजसो लगानी झारो टार्ने र कार्यक्रमका लागि कार्यक्रम जस्ता मात्र भए।

सरकारले अनुदानमा चिउरी पेल्ने मेसिन त दियो तर अध्ययन बिना र विद्युत् नभएका ठाउँमा, ती मेसिन अहिले थन्किएर बसेका छन्। सरकारी तवरवाट मेसिनका न कुनै वैज्ञानिक जाँच भयो न न अहिले प्रयोगमा ल्याएका भन्दा उच्च गुणस्तरका मेसिन ल्याउन पहल नै भयो।

गाउँमा बजेट हाल्न खोज्ने सबैले उपभोक्ता समितिमा जोड दिए तर यसलाई गुणस्तरीय बनाउन न कसैसंग योजना थियो न चाहना, सबै काम



वितरण गरिएको तर प्रयोगबिहीन चिउरी पेल्ने मेसिन।




चिउरीको मह ।

उपभोक्ता समितिमा छोडियो, अनि गन्तव्यमा पुग्ने सम्भावना त्यतिकै सकियो ।

उपभोक्ता समितिमा बस्न ठुलै होडबाजी भयो तर मेसिन स्थापना पश्चात समितिले न आफै जिम्मा लिए, न निरन्तरता दिए, उनीहरू आफैँ पाहुना जस्ता भए । चेपाङ समुदायले अनुदानमा प्राप्त गरी सञ्चालनमा ल्याएका चिउरी पेल्ने मेसिन प्रायः असफल भएका छन् । यसको उचित कारण र समाधान नखोजी पुनः यस्ता उद्योगमा लगानी गर्नु भनेको राज्यस्रोतको दुरुपयोग मात्र हो ।

चेपाङ समुदाय यी र यस्ता उद्यम सञ्चालन र निरन्तरताका लागि आर्थिक वा मानसिक रूपमा तयार थिए वा थिएनन् वा सक्षम छन्, छैनन् ? अहिलेको प्रतिस्पर्धात्मक समयमा यस्ता परम्परागत र सानो लगानीका उद्योगले कति सफलता हासिल गर्न सक्छन् भन्ने पर्याप्त अध्ययन भएन कि ?

पुराना पुस्ताले लगाएको र प्राकृतिक रूपमा जति हुर्किए, हुर्किए, थप रोपण र संरक्षण हुन सकेन । सरकारी र गैरसरकारी तबरबाट विना छेकवार केही बिरुवा रोपिए, जसको कुनै अर्थ थिएन ।







## कर्तव्यविनाको अधिकार यात्रा

चिउरी, चमेरो संरक्षण मात्र होइन, अधिकांश जीविकाका सवालमा हामी सायद अधिकारमुखी बढी भयौँ कि ? गर्नुपर्ने कर्तव्य भुल्यौँ कि ? यी विषयमा छलफल गर्नु पर्छ ।

बाह्य संघ/संस्थाको (एनजीओ) कार्यक्रम धेरै आए तर जसले ल्याएको हो, नाफा जति उनैले लगे, उनीहरूलाई केवल जागिर खाने भाँडोमात्र बनाए । अधिकार धेरै पढाए, अलिअलि चेतना पनि बढाए तर कर्तव्य सिकाएनन् । उनीहरूका काम रङ्गीन प्रतिवेदनमा सीमित भए, यताको अवस्था जस्ताको तस्तै रह्यो । चेपाङ संघ, संगठनले पनि व्यक्ति संगठित हुन सिकाए, नारा जुलुसमा सहभागी गराए तर 'चिउरी हाम्रो आधार हो यसलाई जोगाऔँ' भनेर कहिल्यै सिकाएनन् ।

मौरीपालक समूहले मौरीको चरणक्षेत्रको भरपुर प्रयोग गरे तर संस्थागत रूपमा चिउरी जोगाउने कुनै उपायको खोजी गरेनन् । मौरी चराए, मह निकाले, बिक्री गरे तर चिउरीको जङ्गलका भारबहन क्षमताको carrying capacity न कुनै अध्ययन भयो न कुनै लगानी भयो । हिजो एक सिजनमा छ पटकसम्म चिउरीको मह काढ्ने मौरीपालक तीनपटकमा सीमित हुँदा पनि चिन्तित देखिएनन् । मौरीको घार चाहिँ थपिरहे तर स्रोतमा ध्यान दिइएन । पालिकाले न कुनै नयाँ कार्यक्रम दियो, न अभियान चलायो, न अपनत्व लियो ।



**न अघाउछौ, न मोटाउछौ**
**निर्दोष चमेरो किन सकाउछौ ?**

**नमार चमेरो, एक गाँसका लागि !**
**मानवीय व्यवहार गर प्रकृतिका लागि !!**

**चमेरो नै हो चिउरीमा फल फलाउने**
**त्यही फलले नै हो घिउ बनाउने**



# सकारात्मकतातर्फ





घटदो चिउरी, सकिँदो चमेरो, खुम्चँदो बजार, चिउरीको परम्परागत प्रयोगमा कमी, चिउरी प्रतिको बेवास्ता र युवाको अरुचिलाई मात्र हेर्‍यौं भने यी र यस्ता विषयमा पुनः किन प्रवेश गर्नु भनेर तपाईं-हाम्रो मनमा विचार उब्जनु स्वाभाविक हो तर कुरा यतिमा मात्र सकिँदैन। 'हरेक कालो बादलभित्र चाँदीको घेरा हुन्छ' भनेझैं एक धक्का खाएको चिउरीले नयाँ स्वरूपबाट उदय हुँदैछ।



परम्परागत मौरीको घार।



मौरीको आधुनिक घार।

बागमती प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम २०८०/२०८१ मा '**चेपाङ समुदायको उत्थानका लागि चेपाङ, चिउरी र चमेरो संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ**' भनी बजेट समेत विनियोजन गरेको छ। प्रदेश सरकारले सरकारी तवरमा अपनत्व लिएको छ। यसले यो अभियानलाई अत्यन्त ठूलो टेवा पुगेको छ, आशाका किरण, उज्यालो गन्तव्यको खोजी गरेको छ र हामीलाई नयाँ ढङ्गले सोच्न आधार दिएको छ।

चेपाङ समुदायको सामाजिक, आर्थिक आयाम र परिवेश बदलिएको छ, पेशा परिवर्तन भएको छ। विगतभन्दा चिउरीको घिउ र तेलको प्रयोगमा

कमी र बियाँ बिक्रीमा अवश्य कमी आएको छ तर चिउरीमा आश्रित मौरी व्यवसाय रहरलाग्दो ढङ्गले फस्टाएको छ। यी चिउरी क्षेत्र भ्रमण गर्नुभयो भने साना तथा ठूलो मौरीको घार प्रशस्त देख्नु हुनेछ। चिउरीको मह उत्कृष्ट हुने हुनाले यसको मागमा वृद्धि भएको छ।

परम्परागत मौरीको घारमा भर परेका चेपाङ आज आधुनिक मौरी व्यवसायमा लागेका छन् र उनीहरूले मह, मौरीको गोलासहितको घार तथा अन्य सामानको बिक्रीबाट हजार होइन, लाखौं रुपैयाँ आम्दानी गर्ने भएका छन् । आफ्नै बाइक चढ्ने, ट्र्याक्टर, गाडी किन्ने, केटाकेटीलाई राम्रो विद्यालयमा पढाउन सक्ने हैसियतमा पुगेका छन् । आर्थिक र सामाजिक हैसियतमा उल्लेख्य  सुधार गरेका छन् ।

मौरीपालन/चरणबाट मकवानपुरका केही सामुदायिक वनले समूह र जिल्ला बाहिरका व्यवसायीबाट प्रतिघार केही शुल्क उठाएर केही रकम उठाउन सफल भएका छन्। यसले समूहलाई थोरै भए पनि रकम उपलब्ध भएको छ र समूहले यो रकमलाई चिउरी प्रवर्द्धनमा लगाउने प्रतिबद्धता जनाएका छन्। यो सबै समूहका लागि अनुकरणीय काम भएको छ।

लामो समयदेखि गैरकाष्ठ व्यवसायमा संलग्न समूह चिउरीको घिउ/तेल, पिनाको उत्पादनमा ठूलो लगानीको तयारीमा छ । केही काम प्रारम्भ भएको छ।

चिउरीको घिउ शुद्ध हुने हुनाले विभिन्न मठमन्दिर, गुम्बामा बत्ती बाल्न, पूजा गर्न पहिलो रोजाइँ हुनाले व्यवसायको नयाँ ढोका खोलेको छ।

बजारमा महँगो अन्य तेलका कारण थुप्रै घरधुरीले चिउरीको बियाँबाट बनेको घिउको प्रयोगमा पुनः बढोत्तरी भएको छ। धेरै घरधुरीले अहिले पनि वार्षिक रूपमा करिब ४-६ महिना चिउरीको घिउबाट गुजारा







गर्ने गरेका छन्, केही बजारिया तेल र चिउरीको घिउलाई मिसाएर लामो समयसम्म प्रयोग गर्दैछन् ।

मकवानपुरका चेपाङ समुदायका चिउरी बाहुल्य क्षेत्रमा वन कार्यालयले नयाँ सामुदायिक वन (धिराङ चिउरी, दाम्राङ चिउरी सामुदायिक वन) हस्तान्तरण गरेको छ र अन्य चिउरी बाहुल्य वनको खोजी हुँदैछ । नयाँ गठन भएका र त्यहाँ रहेका अन्य सामुदायिक वन अब बृहत् चिउरी प्रवर्द्धनको अभियानमा छन् । प्राकृतिक अवस्थाका वनमा चिउरीलाई सहयोग हुने गरी वन सम्बर्द्धनका काम भएका छन् । शिलिङ्गे सामुदायिक वनमा संरक्षण (Tree guard) सहित चिउरी रोपण भएका छन्, कहीँ रोपणको तयारी हुँदैछ । सामुदायिक वनले वन कार्यालय, पालिकाको सहयोगमा चिउरीको नर्सरी निर्माण गरेका छन् ।

छोटो समयमा (२-३ वर्षभित्र) फुल्ने, फल्ने अपेक्षा गरिएको चिउरीको ग्राफ्टिङ्ग पद्धतिको प्रयोग सम्पन्न भएको छ । पुष्प विकास केन्द्र गोदावरी, ललितपुरसँग समन्वय गरेर डिभिजन वन कार्यालय, राप्तीको नर्सरीमा ग्राफ्टिङ्गका केही काम प्रारम्भ गरेका छौँ । यसले व्यावसायिक चिउरी खेतीका लागि आशाको किरण देखाएको छ ।

चिउरीको कटिङ पनि सफल देखिएको छ । प्राकृतिक रूपमा एकै स्थानमा धेरै उम्रिएका बिरुवालाई वा नर्सरीमा खुल्ला उम्रिएका राम्रा बिरुवा रुटसुट कटिङको माध्यमबाट नयाँ स्थानमा सार्ने हो भने बिउको तुलनामा निकै छिटो हुर्कने देखिन्छ ।

केही सामुदायिक वन, युवा समूहले चिउरी चमेरो संरक्षण क्लबमार्फत चमेरो संरक्षणको अभियानमा जोडिएका छन् । शिलिङ्गे सामुदायिक वनले चमेरो मार्न प्रतिबन्ध लगाएको छ, सजायको प्रावधान तोकेको छ, यो प्रेरणादायी काम अन्य समूहलाई अनुकरणीय काम हुन सक्छ ।

विभिन्न गैरसरकारी संस्था, चेपाङ अभियन्ता, वन कार्यालय, सञ्चारकर्मीले नयाँ शिराबाट यो अभियानलाई गति दिनुपर्छ भनेर लविङ गरेका छन्, जसले एकआपसमा होस्टेहैंसेको काम भएको छ र एउटा आशालाग्दो अवस्थाको सिर्जना भएको छ ।

- **जहाँ चेपाङ, त्यहाँ चिउरी, जहाँ चिउरी, त्यहाँ मौरी !**
- **मौरीका लागि चिउरी लगाऔं, महद्वारा आम्दानी बढाऔं !**
- **चेपाङको जीविकोपार्जन सुधारका लागि चिउरी प्रवर्द्धन !**
  **चिउरीको समृद्धिका लागि चमेरो संरक्षण !**
  **चमेरो संरक्षणका लागि चेपाङ समुदायको परिचालन !**



# हामीले जे बुझ्यौं





चिउरी जति गुणकारी भए पनि चिउरीबाट चेपाङ र अन्य पछि परेका समुदायले पूर्ण नाफा पाउन सकेका छैनन्, यो कटु सत्य हो तर प्राविधिक र भौगोलिक हिसाबले हेर्दा यो क्षेत्र चिउरी उत्पादनका लागि अत्यन्त उपयुक्त छ, यो स्वयंसिद्ध तथ्य हो । चिउरी यहाँका लागि प्रकृतिको अमूल्य उपहार हो । यहाँको भूगोल, प्रकृतिले यही सिकाएको छ, देखाएको छ । हामीले यसलाई कसरी चेपाङ समुदाय र देशको अन्य भागमा रहेका चिउरिमा आश्रित समुदाय, युवा पुस्ता, व्यावसायिक समूहलाई यसको अत्युत्तम सदुपयोग गर्न गराउन सक्छौं र प्रकृतिको यो निःशुल्क अमूल्य उपहारलाई कसरी समाजको हितमा उपयोग गर्न सकिन्छ भन्ने विषयमा तत्कालै नयाँ र घनिभूत ढंगले बहस र काम संचालन गर्नुपर्ने देख्छौं ।

हामी के कुरामा स्पष्ट छौं भने हाम्रा बुझाइ नै अन्तिम सत्य र एकमात्र अचुक उपाय होइन । चिउरीका हरेक अध्ययनमा नयाँ-नयाँ आयाम खुल्दै जानेछन् र यसलाई त्यहाँको वस्तुगत अवस्था एवं आवश्यकतासँग तालमेल गर्दै अगाडि बढ्न सकिन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौं । चिउरी प्रवर्द्धनका लागि यी विधि अपनाए उपयुक्त हुनेछ भन्ने हाम्रो बुझाइ रहेको छ ।

## सरकारको अभिभावकत्व : जनताको अपनत्व

स्थानीय समुदायले यो हाम्रो हो र हाम्रो लागि हामीले नै गर्नुपर्छ नभनेसम्म सरकार, पालिका, संघसंस्थाले मात्र केही गर्न सक्दैन । यो कुरामा हामी पहिला स्पष्ट हुनु पर्छ । तसर्थ, पहिलो सर्त भनेको जनताको स्वामित्व र अपनत्व हो, अन्यथा यी सबै दिवास्वप्न हुनेछन् ।






विगतमा वन कार्यालयले दिने गरेको चिउरी पुर्जा अहिलेको परिवेशमा कसरी सम्बोधन गर्न सकिन्छ ? यदि चिउरी पुर्जा उपलब्ध गराएमा जनताको अपनत्व बढ्ने र उत्पादनमा सकारात्मक प्रभाव पर्छ भने यसलाई पुनः अध्ययनको विषय बनाउन सकिन्छ वा सामुदायिक वनभित्र कबुलियती वनको प्रयोगलाई व्यावहारिक ढङ्गले उपयोगमा ल्याउन सकिन्छ। निजी, खाली, पर्ती, सार्वजनिक तथा खोरिया जग्गामा व्यापक चिउरी रोपण गरी प्रोत्साहनबापत '**विशेष चिउरी पुर्जा**' जारी गर्न सकिन्छ साथै केही अनुदानको व्यवस्था गर्न सकिन्छ।

चिउरी बाहुल्य क्षेत्रका पालिकाले सार्वजनिक जग्गाको व्यवस्थापनमा चिउरीलगायतका प्रजातिलाई ध्यान दिने साथै पालिकाको प्राकृतिक क्षेत्रमा गरिने लगानीको उल्लेख्य रकम यी र यस्ता उत्पादनमूलक काममा हाल्ने नीति बनाउने र सोही अनुसारको कार्यान्वयन गर्नुपर्छ।

यी सबै काम चेपाङ समुदायको एकल प्रयासबाट मात्र सम्भव छैन। यसका लागि सरकारी योजनासहितको निरन्तर सहयोग अनिवार्य छ। वन कार्यालय र सरोकारवाला निकायले त्यस क्षेत्रमा रहेका सामुदायिक वन, कबुलियती वन, निजी जग्गा, ऐलानी, पर्ती तथा सरकारी वनमा रहेका चिउरी र चमेरोको अवस्था विश्लेषण गर्दै ती क्षेत्रको नक्साङ्कन समेत बनाई तथ्याङ्क तयार गर्ने, यसैगरी त्यस क्षेत्रको चमेरोको अवस्था र त्यसलाई संरक्षण गर्ने उपाय अवलम्बन गर्ने र चिउरीलाई प्राथमिकता दिएर चिउरीको सम्भाव्यता रहेको क्षेत्रमा पारिस्थितिकीय पुनस्थापनासहित '**चिउरी पकेट क्षेत्र**' घोषणा गर्ने।

चिउरीको संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्ने र चेपाङ तथा चिउरीमा आश्रित रहेका जनजाति समुदायको जीविकोपार्जनमा थप सुधार गर्ने उद्देश्यसहित यो विषयलाई सरकारी स्तरमा नै एउटा मुख्य कार्यक्रमको रूपमा स्वीकार गरेर प्रदेश वा पालिकास्तरीय प्राथमिक कार्यक्रमको रूपमा लैजाने र कम्तीमा २० वर्षे गुरु योजनासहित '**मुख्यमन्त्री चिउरी प्रवर्द्धन आयोजना**' मार्फत छुट्टै कर्मचारीसहित काम अगाडि बढाउने।

चिउरीलाई संघ, प्रदेश र स्थानीय तहबाट नै उच्च स्तरमा प्राथमिकता दिने।

यसका लागि पालिकाको अगुवाइमा चेपाङ अथवा चिउरीमा आश्रित अन्य जनजाति र समुदायको जीविकोपार्जन सुधारका कार्यसहितको चेपाङमैत्री, जनतामैत्री योजना, चिउरी विशेष संरक्षण तथा व्यवस्थापन योजना निमार्ण गरी लागू गराउन चिउरीमैत्री योजना, मौरीलाई जीविकोपार्जन र ग्रामीण अर्थतन्त्रको मुख्य स्रोत हुन सक्नेसहितको मौरीमैत्री योजना, चमेरोको पारिस्थितिकीय महत्त्वसहितको चमेरो शिकारमुक्त क्षेत्र बनाउँदै





चमेरोमैत्री योजना निर्माण गर्ने । यसका लागि वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउने । यहाँ काम गर्न आउने अन्य संघ/संस्थालाई पनि यिनै विषयको उत्पादनमुखी काममा केन्द्रित गराउने ।

यहाँको भूगोल र प्रकृतिको उपहारअनुसार मह उत्पादन हुन सकेको छैन । तसर्थ, यसलाई व्यावसायिकतामा जोड्दै जाने । यसका लागि चिउरी संरक्षण र मौरी प्रवर्द्धन, मौरी विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै मुख्य आधार बनाउने । चेपाङको जीविकोपार्जनका लागि मौरीपालनमा सहयोग पुग्ने गरी मौरीको घार वितरण तथा अन्य प्राविधिक सहयोग गर्ने ।

सामुदायिक वनले वन मन्त्रालय, कृषिज्ञान केन्द्र, मौरी विकास कार्यक्रम वा प्रधानमन्त्री कृषि आधुनिक परियोजना कार्यक्रम, विभिन्न अगुवा चेपाङ समूह, व्यापारिक समूह, सहकारी समूहसँग आवश्यक समन्वय गरेर चिउरी पाइने क्षेत्रमा तुरुन्त काम अगाडि बढाउने ।

चिउरीलाई सांस्कृतिक एवं जीविकोपार्जन सहयोगी बिरुवा घोषणा गरी संरक्षण, सम्बर्द्धन गर्ने र पालिका, वन कार्यालयले हरियो चिउरीको रुख काट्ने कामलाई पूरै प्रतिबन्ध लगाउने ।

## अध्ययन/अनुसन्धान/व्यावसायिक योजनाको निर्माण

चिउरीको प्रजातिगत विविधताको आनुवांशिक Genetic तहमा थप अध्ययन हुन जरुरी छ र त्यसको आधारमा चिउरीको फरक-फरक अध्ययन गराउनु पर्छ । चिउरीको ग्राफ्टिङ्ग, कटिङ पद्धतिका फाइदा घाटाको प्राविधिक विश्लेषण गर्ने, चिउरीमा लागेका रोगका निदान गर्ने र तुलनात्मक रूपमा स्वस्थ्य र उन्नत बिउबाट बिरुवा उत्पादन गर्नु पर्छ ।

चिउरीको परागसेचनमा चमेरो, मौरी र अन्य प्राणीको भूमिकालाई अध्ययनको विषय बनाउनु पर्छ ।

चेपाङको बदलिँदो जीवनशैलीलाई समाजशास्त्रीय अध्ययन गर्दै चिउरी, चेपाङ, चमेरोलाई जोडेर वातावरण संरक्षण, चेपाङ समुदायको विकास र प्रवर्द्धन तथा सामाजिक मूल्यमान्यतालाई नयाँ तरिकाले विकास गर्नु पर्छ ।

चिउरीलाई हरित अर्थतन्त्रको रूपमा विकास गर्न कसरी सकिन्छ भन्ने विषयमा छुट्टै अध्ययनको आवश्यकता छ । चिउरीका उत्पादन, सहउत्पादनका बारेमा व्यावसायिक योजना बनाई थप के उत्पादन गर्न सकिन्छ भन्ने विषयमा खोजी गर्नु पर्छ ।

यसरी एक होइन, अनेक कदम चालिनु पर्ने निष्कर्षमा पुगेका छौँ, जसले आगामी दिनमा नयाँ ढङ्गले सोच्न, विश्लेषण गर्न र कार्यान्वयनमा जान बाटो खोल्नेछ ।

चिउरी पाइने क्षेत्रका विद्यालयको स्थानीय पाठ्यक्रममा यो विषयलाई




पुष्प विकास केन्द्र, गोदावरी र डिभिजन वन कार्यालय, राप्तीबीच ग्राफ्टिङ बिरुवालाइ प्रयोगमा ल्याउने सहमति ।

समावेश गर्ने र अन्य सरोकारवाला समूहलाई बुझाउने र अभियानमा समाहित गर्ने ।

## संरक्षणसहितको चिउरीको बृहत् प्रवर्द्धन

यी क्षेत्रका सामुदायिक तथा सरकारद्वारा व्यवस्थित वनमा चिउरीको प्रवर्द्धन कार्य गर्ने । वनक्षेत्रमा चिउरीको गणना, लेखाजोखा गर्ने, त्यसको आधारमा कार्ययोजना बनाउने र उपयुक्त वन सम्बर्द्धन प्रणाली अपनाउने । चिउरीको रुख, बिरुवा वरिपरि लतालहरा हटाउने, सरसफाई गर्ने, गोडमेल गर्ने, चिउरीबाहेकका अन्य कम महत्त्वका र चिउरीलाई बाधा पुऱ्याउने प्रजाति हटाउँदै जाने र चिउरीलाई उपयुक्त वातावरण सृजना गर्ने ।

यी क्षेत्रमा अधिकभन्दा अधिक नयाँ बिरुवा रोपणका लागि अवस्था सृजना गर्नुपर्ने देखिन्छ तर ध्यान दिनुपर्ने मुख्य कुरा के हो भने विगतमा चिउरीका वृक्षरोपण नभएका होइनन् । सरकारी तथा समूहगत रूपमा पटकपटक वृक्षरोपण भएका थिए तर करिब सबैजसो बचेनन् । तसर्थ, यहाँ संरक्षणको पाटोलाई मुख्य रूपले ध्यान दिनुपर्ने देखिन्छ। प्रत्येक वर्ष जति सकिन्छ, त्यति क्षेत्रमा नियमित रूपमा संरक्षण (घेरावार वा अन्य उपायसहित) सहितको वृक्षरोपण, स्याहारसम्भार नियमित गर्नुपर्ने देखिन्छ। यसलाई जिल्ला र देशभरि नै प्रखर ढङ्गले अभियान चलाउने ।

चिउरीलाई सामुदायिक वनमा मात्र सीमित नराखी कबुलियती, निजी जग्गा, बाँझो जग्गा, ऐलानी, खोरिया, सार्वजनिक जग्गामा व्यावसायिक रूपमा तारबारसहित रोपण गर्ने गराउने । यदि यसो गर्न सकिएमा त्यहाँ रहेका हजारौँ रोपनी खाली जग्गाको पूर्ण सदुपयोग हुनेछ र एउटा आशालाग्दो क्षेत्रको विकास गर्न सकिनेछ ।

आपसी सहमतिमा केही वर्षका लागि खुल्ला चरिचरण रोक्न सक्ने हो







वा खण्ड-खण्डमा चरणको वैकल्पिक व्यवस्था गर्ने हो भने पनि अत्यन्त सरल विधि र न्यून मूल्यमा चिउरीको व्यापक प्रवर्द्धन हुनेछन्। यी विषयमा पालिका, वन कार्यालय र समूहले ध्यान दिनुपर्ने देखिन्छ।

चिउरीमा कम फूल फुल्नु र कम दाना लाग्नुको एउटा मुख्य कारण जथाभावी रूपले घाँसका लागि यसको हाँगा काट्नु हो, जुन अत्यन्त घातक मानिन्छ। एकपटक हाँगा काटेपछि सोही हाँगाबाट फूल फुल्न र फल फल्न कम्तीमा ३-४ वर्ष लाग्छ। तसर्थ, यसको हाँगा काट्न जन सहभागिताको आधारमा प्रतिबन्ध नै लगाउनु पर्छ र काट्नु पर्ने परिस्थिति आएमा अत्यन्त सजगताका साथ मात्र काट्नु पर्छ।

वन डढेलो, खुल्ला चरिचरण, खोरिया फँडानीलाई निरुत्साहित नगरी चिउरीको संरक्षण गर्न नसकिने हुनाले समूहमा चेतना अभियान व्यापक सञ्चालन गर्नु पर्छ।

## ग्राफ्टिङ र कटिङ पद्धतिको प्रयोग

हामीले गरिआएको रोपण भनेको बिउबाट (बिजु) उत्पादित बिरुवा हो। यी रुखबाट आम्दानी लिन कम्तीमा एक दशक र कतिपय स्थान विशेषअनुसार सो भन्दा पनि बढी समय लाग्ने देखिन्छ। अहिलेको व्यस्त र आम्दानीको विकल्प फेरिँदै गएको युवापुस्तामा यो समय लामो देखिनु स्वाभाविक हो। यसको विकल्पमा छिटो र प्रभावकारी आम्दानी दिन सक्ने ग्राफ्टिङ विधिबाट उत्पादनको काम सुरुआत गर्ने, जसले २-३ वर्षमा आम्दानी दिन सकोस्। तसर्थ, अब नयाँ आयामबाट सोच्नु पर्छ। यसका लागि अनुसन्धानलाई निरन्तरता दिनु पर्छ।

ग्राफ्टिङ विधिबाट उत्पादित फल सङ्कलन सरल र सहज हुने हुँदा वर्षायाममा ठूलो रुखबाट फल टिप्दा हुने दुर्घटनाको जोखिमलाई



२-३ वर्षभित्र फल्ने र फुल्ने अपेक्षा गरिएको चिउरीको ग्राफ्टिङ बिरुवा।

न्यूनीकरण गर्न ग्राफ्टिङ विधि उपयुक्त हुन् सक्छ । ग्राफ्टिङ विधिबाट बिरुवा रोपण गरेर हुर्काउँदा सानो क्षेत्रमा पनि धेरै परिमाणमा बिरुवा हुर्काउन सकिन्छ, जसले धेरैभन्दा धेरै मौरीलाई चरण क्षेत्र उपलब्ध हुन सक्ने र वातावरणीय लाभ लिन सक्ने देखिन्छ।

चिउरीको आनुवांशिक सुधार गरी धेरै उत्पादन दिन सक्ने ग्राफ्टिङ पद्धतिको विकास गरी यसको व्यावसायिक खेतीलाई उत्प्रेरित गर्ने । प्रारम्भमा यस्तो काम सरकारी तबरबाट गर्ने र सफल हुँदै गएपछि क्रमशः सहकारी, समूह, निजी किसानलाई अनुदानसहितको खेती गर्ने, गराउने।

कटिग पद्धतिबाट पनि बिजुभन्दा छिटो उत्पादन दिने र जङ्गलको कुनै एकै घनाक्षेत्र वा नर्सरीको बिरुवाको पूर्ण सदुपयोग हुन्छ । तसर्थ, यो विधिलाई पनि अवलम्बन गर्दै जानु पर्छ।

## बियाँमा आधारित नवीन उद्यमको खोजी

धेरै स्थानको छलफलमा के पाइयो भने पुरानो पुस्ताले नसक्ने, अहिलेको चेपाङ युवा पुस्ता बियाँ सङ्कलन गर्न तयार छैनन्, अर्को भाषामा भन्दा दुःख गर्न तयार छैन, त्यसैले पनि चिउरीको बियाँ खेर गयो भन्ने छ। यो स्वाभाविक नै हो। यसलाई अन्यथा र विकल्पबिहीन अवस्थाको रूपमा नलिऔँ, विकल्प खोज्ने, माहोल मिलाउने काम हाम्रो (तीनवटै सरकार) हो र हामीले अन्य विकल्पको खोजी गरौँ। चिउरीको दाना टिप्ने काम चेपाङ युवाले गर्दैनन् भने समूह, सहकारी, पालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम वा यस्तै अन्य कार्यक्रमसँग समन्वय गरेर बाह्य ज्याला दिएर वा अन्य बेरोजगार समूहलाई केही निश्चित शुल्क लिएर सङ्कलन गरौँ, यसले चिउरीको पूर्ण सदुपयोग हुन्छ। चिउरी भएका समूह र निजी जग्गामा चिउरी भएका किसानलाई आम्दानीको विकल्प पनि दिन्छ। क्रमशः राम्रो आम्दानी हुँदै गएपछि यस्ता समूह व्यावसायिक रूपमा पनि आकर्षित हुनेछन्।



चिउरीको घिउ शरीरका लागि उपयुक्त रहेको विभिन्न अध्ययनले देखाएको छ। चिउरीको बियाँलाई आधुनिक पद्धतिअनुसार उत्पादन गर्ने हो भने आन्तरिक खपतमा वृद्धि गरेर विदेशबाट हुने अर्बौं रुपैयाँको तेल आयातलाई रोक्न र बाह्य निर्यात गर्न सक्ने देखिन्छ। चिउरी Palm oil को उपयुक्त विकल्प बन्न सक्ने विभिन्न अध्ययनले देखाएको छ। यसले केवल रोजगारमा मात्र होइन, सरकारलाई ठूलो आम्दानी समेत दिनेछ।

आजको प्रतिस्पर्धात्मक व्यापारिक युगमा प्राचीन ढङ्गका घिउ उत्पादन विधि र आर्थिक लगानी कम भएका, तुलनात्मक रूपमा व्यापारिक जानकारी नभएका एक्ला चेपाङ समूहबाट व्यापार सम्भव छैन, जतिसुकै तीतो लागे तापनि हामी सबैभन्दा पहिला यो तथ्यमा स्पस्ट हुनुपर्छ। चिउरीको व्यावसायिक बियाँ सङ्कलन तथा घिउ उत्पादनमा विभिन्न सङ्कलक, वन समूह, साना तथा ठूला व्यापारिक समूह तथा स्थानीय समूहको सहकारीलाई प्रवेश गराई ठूलो मात्रामा उत्पादन गर्नुपर्ने देखिन्छ। प्रभावकारी उत्पादन र बजारीकरण गरी हरित उद्यममार्फत् स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारको उपयुक्त फाइदा लिन सकिन्छ।

यसैगरी सौन्दर्य सामग्री, साबुन, चकलेट तथा मिठाइलगायत अन्य विभिन्न सहउत्पादनमा चिउरीको घिउको व्यापक प्रयोग हुन सक्ने अध्ययनले देखाएको छ। चिउरीको घिउ औसत तापमानमा ठोस अवस्थामा रहने हुनाले यस्ता उत्पादनका लागि अझ बढी उपयुक्त हुन सक्छ।





चिउरीको बियाँमा साबुनीकरण मान (saponication value) राम्रो हुनाले साबुन बनाउन प्रयोग गर्न सकिने कुरा विभिन्न अध्ययनले देखाएको छ । चिउरीको पिनामा नाइट्रोजनलगायतका तत्त्वको मात्रा प्रचुर हुनाले पिनाबाट उच्च गुण स्तरको ब्राण्डसहितको अर्गानिक मल उत्पादन गर्न सकिन्छ ।

चिउरीको फल र रसबाट ब्राण्डसहितको वाइन (मदिरा) बनाएर ठूलो आम्दानी गर्न सकिन्छ ।

## मौरीलाई चिउरी : चिउरीलाई मौरी

चिउरीबाट सहजै नाफा लिन सकिने, धेरै जटिल प्रविधि नचाहिने, सानो लगानीबाट पनि तल्लो वर्गका चेपाङ र अन्य समुदायले नाफा लिन सक्ने क्षेत्र भनेको व्यावसयिक मौरीपालन हो । अहिले चिउरी क्षेत्रका बाहृय र स्थानीय व्यवसायीले मौरीपालनबाट प्राप्त गरेको आम्दानी, रोजगारीलाई हेर्ने हो भने यसले ठूलो खुशी दिन्छ । यसलाई क्रमशः बढाउँदै जाँदा व्यक्ति, समूह सहकारी तथा उद्योगले दिर्घकालीन आम्दानी लिन सक्छ ।

चिउरी क्षेत्रको भूगोल र प्रकृति अनुसार मह उत्पादन हुन सकेको छैन । तसर्थ, यसलाई व्यावसायिकतामा जोड्दै जानु पर्छ । यसका लागि चिउरी संरक्षण र मौरी प्रवर्द्धनलाई मुख्य आधार बनाउनु पर्छ ।

चिउरी बाहुल्य वनमा नयाँ सामुदायिक वनको हस्तान्तरण, नवीकरण गर्नुपर्ने कामलाई प्राथमिकता दिने, आंशिक रूपमा चिउरी भएका वनमा चिउरीको छुट्टै तथ्याङ्क सङ्कलन, निजी जग्गामा चिउरीको प्रवर्द्धन गर्ने र खाली पर्ती, ऐलानी जग्गामा पालिका, सामुदायिक वन, अन्य संघ/संस्थाको सहकार्यमा काम अगाडि बढाउने ।

प्रस्तावित पकेट क्षेत्रका सामुदायिक वन, कबुलियती वनको कार्ययोजना र पालिकाको एक्सन प्लानमा चिउरी प्रवर्द्धनलाई छुट्टै परिच्छेदका रूपमा यो विषयमा अनिवार्य समावेश गराउने र छलफल, भेला, साधारणसभामा यसलाई मुख्य विषय बनाउनुका साथै विभिन्न स्थानमा फ्लेक्स, होडिङ बोर्ड, ब्रोसिएर आदिबाट बुझाउने ।





चिउरी वनको दिगो व्यवस्थापनाका लागि योजना निर्माण गरी प्राकृतिक तथा बाह्य क्षेत्रमा संरक्षण गर्नु पर्ने छ । स्थलगत अध्ययन गरेर हेर्दा मौरीको चरणक्षेत्र अपुग भएको, जङ्गलको भारवहन क्षमता (carrying capacity) भन्दा बढी मौरीको घार भएको तर त्यसको तुलनामा चिउरीको बोट कम भएको पाइएको छ । यसको विकल्प भनेको अत्यधिक चिउरी रोपण र मौरीलाई मह उत्पादन गर्न सहयोग पुऱ्याउने बिरुवाको विकल्प दिनु पर्छ अन्यथा यो कथामा मात्र सीमित हुनेछ ।

चिउरीसँगै खाली क्षेत्रमा मौरीलाई उपयुक्त हुने तोरी, रुदिलो, गुलाब जामुन, चेरी, सूर्यमुखी, लालीगुराँस, अमिलो प्रजातिका फलफूल, बोटल ब्रस, एकासिया प्रजाति, पैयु, मौवा, मसला, टाकी, सिसौलगायतका अन्य वन फूल र स्थानीय वनमा सहज ढङ्गले उम्रने प्रजाति के लगाउन सकिन्छ, त्यहाँको स्थितिअनुसार लगाउने । यसले चिउरीको सिजन बाहेकका समयमा मौरीको चरण क्षेत्रलाई उपयुक्त विकल्प दिन्छ । अन्य चिउरी र मौरीको सहयोगी विकल्प के हुन सक्छ, त्यसको अध्ययन, अनुसन्धान गर्ने ।

रुदिलो हाम्रो जङ्गलमा जताततै पाइने प्रजाति हो । रुदिलोलाई बाटोको वरिपरि, खुला स्थानमा सहज ढङ्गले लगाउन, हुर्काउन सकिन्छ । यसबाट प्राप्त मह पनि गुणस्तरीय मानिन्छ ।

मौरी/चिउरी पकेटक्षेत्रका सबै घर, सार्वजनिक स्थान, कार्यालय, मठमन्दिर, विद्यालय आदिमा फलफूलका बिरुवा गमला, पुराना बोरा वा खेर गएका अन्य भाडोमा भए पनि अनिवार्य लगाउने । बाटो वरिपरि र समूहको खाली स्थानमा यी र यस्ता बिरुवा लगाउन सहजीकरण गर्ने, अभियान नै चलाउने ।

मौरी व्यवसायी समूहसँग ती स्थानमा चिउरी र अन्य फलफूल प्रजातिका बिरुवा रोपण र संरक्षणका लागि आवश्यक सहकार्य गर्ने ।

वन कार्यालय, भूसंरक्षण कार्यालय, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, कृषि










ज्ञान केन्द्र, पालिकाले आफ्ना नियमित कार्यक्रममा चिउरी रोपण तथा मौरीपालन अनि व्यवसायीकरणलाई उच्च प्राथमिकता दिने ।

हाल सीमित सामुदायिक वनले मौरी चरण गरेबापत केही रकम प्राप्त गरेका छन् तर अधिकांशमा यो चलन छैन । समूहले चिउरी रोपण, पालनपोषण गर्ने तर त्यसको नाफा बाह्य व्यक्तिबाट मात्रै हुने अवस्थाको सृजना भएमा समूहको अपनत्वको भावना नहुने र दिर्घकालीन चिउरी व्यवस्थापन हुन सक्दैन । यो तथ्यलाई स्वीकार गर्दै यसका लागि समूहभित्र र बाहिरका मौरीपालक समूह, पालिका, वन कार्यालयसँग समन्वय गरेर निश्चित तर अनिवार्य शुल्कको व्यवस्था गर्ने । यो रकम अनिवार्य रूपमा चिउरी र मह प्रवर्धनमा मात्र खर्च गर्ने गराउने पद्धति विकास गर्ने । '**च्युरी भए मौरी, मौरी भए आम्दानी**' भन्ने अभियानमा सबैलाई जोड्ने । यसले चिउरीबाट मौरी र मौरीको आम्दानीबाट चिउरी प्रवर्द्धन हुनेछ र दिर्घकालीन व्यवसायमा सहयोग पुग्नेछ ।

चिउरीको बोटमुनि बाँस, निगालो, कागती, कफी, मास, गहत, अम्रिसोलगायत अन्य प्रजातिको रोपणमा समेत अध्ययन गर्ने र लगाउन प्रेरित गर्ने, जसले व्यवसायमा विकल्पको सृजना गर्दछ र जग्गाको अत्युत्तम सदुपयोग हुन्छ ।

## चिउरी/मौरी पर्यटन : घरमै बसी धन

चिउरीलाई बियाँ, घिउ र महमामात्र सीमित नराखौं, यसका विविध पक्षमा प्रवेश गरौं । यसलाई विविधिकरण गरौं, मूलतः पर्यापर्यटनअन्तर्गतका विभिन्न कार्यक्रम गरौं, गर्ने वातावरण मिलाऔं ।


चिउरीको जङ्गलक्षेत्र समेटेर सो स्थानलाई चिउरी ट्रेलको निर्माण, चिउरी हाइकिङ, चिउरी ट्रेकिङ मार्ग निर्माण, चिउरी होमस्टे, चमेरो होमस्टे, बिहाइभ हन्टिङ (निश्चित शुल्क तिरेर आफैंले मह काढेर खाने उत्सव वा खेल, जसले आगन्तुकलाई महको अलावा मनोरञ्जन समेत प्रदान गर्दछ) र अन्य उपयुक्त काम गर्न सकिन्छ, जसले स्वास्थ्य र आर्थिक दुवै कामको प्रवर्द्धन हुन्छ ।

एपी थेरापी (मौरी/महको प्रयोग गरेर गरिने उपचार पद्धति) आधुनिक औषधि विज्ञान र प्राचीन पद्धतिले स्वीकार गर्दै अवलम्बन गरेको प्रसिद्ध पद्धति हो । यो पद्धतिलाई थप अध्ययनसहित उत्पादनसँग जोडौं । आवश्यकताअनुसार नयाँ र आकर्षक कार्यक्रम लागू गराउने र अन्यत्र भएका सकारात्मक प्रयासलाई यहाँको अनुकूलता अनुशरण गरौं ।

समय-समयमा मौरी महोत्सव, चिउरीको फूल र फल फल्ने बेलामा चिउरी महोत्सव, ब्रान्डिङ्गसहितको मदिरा उत्सव, मौरी र चिउरीलाई जोडेर विविध साहित्यिक कार्यक्रम (काव्य उत्सव) आदि गर्न सकिन्छ । यसले

प्रचारात्मक अभियानमा ठूलो टेवा पुऱ्याउँछ र नयाँ आयामको उद्‌भवसँगै व्यवसायमा नयाँ ढोका खोल्नेछ ।

यो क्षेत्रलाई चिउरी र मौरीको अध्ययन गर्ने सकिने एउटा प्रमुख गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।





एपी थेरापी घर, भण्डारा, चितवन ।

## चमेरोको शिकार होइन संरक्षण

हिजो मासुको विकल्पको अभावमा चेपाङले चमेरो मारेर खाए । यसको छुट्टै पाटो होला तर अब चमेरोको मासुको एक होइन, अनेक विकल्प छन् तर पनि यसको शिकार र व्यापार पूर्ण रूपमा नियन्त्रणमा आएको छैन । यसका लागि चमेरो संरक्षण गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन, बासस्थान संरक्षण, अध्ययन, अनुसन्धानलाई निरन्तरता र त्यसको नतिजालाई फिल्डमा प्रभावकारी कार्यान्वयन, नीतिनियममा सुधार, स्थानीय स्तरमा विभिन्न सरोकारवालासँग समन्वय, सहकार्य गर्ने, गराउने जस्ता अभियानलाई संस्थागत रूपमा अगाडि ल्याउनु पर्छ ।

चमेरोको जथाभावी शिकार हुनु भनेको चिउरीको पनि शिकार हो र चमेरो नहुनु भनेको चिउरी सकिनु र चेपाङले आफ्नो खुट्टामा आफैँले बञ्चरो







हान्नु हो भन्ने कुरा बुझाउनु पर्छ। अतः चमेरा बचाउन चेपाङ समुदायलाई थप जागृत गराउनु पर्छ।

केवल स्वादका लागि मात्र खाइने चमेरोको मासुको कारण कैयौं रोगव्याधी (इबोला, रेबिज, निपाभाइरस, लेप्टोस्पाइरेसिस) लाग्ने सम्भावना रहँदारहँदै पनि चेपाङ समुदायलाई यो विषयमा हामीले स्पष्ट पार्न सकेका छैनौं। यसलाई स्पष्ट पार्दै चमेरो शिकारलाई पूर्ण नियन्त्रण गर्नु पर्छ।

चेपाङ र चमेराको पूर्णतया नकारात्मक सम्बन्धलाई सकारात्मक सम्बन्ध स्थापित गर्न मूलतः स्थानीय समूह, युवा विद्यार्थीसँग चमेरो संरक्षणका विभिन्न उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ। समूहको बैठक, साधारण सभामा यी विषयलाई छलफलको मुख्य र नियमित एजेन्डा बनाउने, वन हेरालुमार्फत् नियमित अनुगमन गर्ने, गराउने।

चमेरो शिकारमा अबोध रूपमा प्रयोग हुन सक्ने विद्यार्थीलाई केन्द्रित गरेर यसका लागि छलफल गर्ने। हरेक विद्यालयमा चिउरी र चमेरो संरक्षणको विषयमा वाल पेन्टिङ, फोटो, ब्रोसियरलगायतका सामग्री प्रकाशन गरी विद्यालयमा 'इको क्लब'मार्फत चेतना बढाउने।

वन कार्यालयको तथ्याङ्क र स्थानीयसँगको छलफलमा चमेरो शिकार गरेबापत सरकारी निकाय वा समूहबाट कुनै कारबाही भएको देखिँदैन।

चमेरो मार्नेलाई कानुनी कारबाही गराउन सामुदायिक वनको कार्ययोजनामा कारबाहीका प्रावधान राख्ने र प्रभावकारी रूपमा कार्यन्वयन गर्ने। यसरी चेतना र कारबाहीको अभियानलाई सँगै लैजानु पर्छ।

धार्मिक गुरुमार्फत पनि चमेरो नमार्न चेतनामूलक सन्देश प्रचार-प्रसार गर्न सकिन्छ। अतः '**चमेरा मार्न बन्द गरौं, प्रकृति संरक्षणमा सहभागी बनौं**' भन्ने नाराका साथ यथासम्भव अभियान थाल्नु पर्छ।

### अन्त्यमा,

यी हाम्रा बुझाइ मात्र हुन्, अन्तिम साध्य होइनन्। यी बुझाइ अनुसन्धान केन्द्रित भन्दा पनि चिउरी र चेपाङ क्षेत्रमा 'फिल्ड भ्रमण'को क्रममा चेपाङ समुदायसँग गरिएको छलफल, हाम्रो आँखाले देखेको र वनकर्मीको नाताले अनुभूत गरेका विषय हुन्। हामीलाई थाहा छ, यी विषय निकै अपुग छन्, अरू धेरै कुरा थप गर्न सकिन्छ, थप गर्नु पनि पर्छ। तर ती क्षेत्रको सदुपयोग उच्च मात्रामा गरिनु पर्छ कुरामा हामी स्पष्ट छौं। यसमा वन कार्यालय र चेपाङ समुदाय मात्र होइन, चेपाङ समुदाय र चिउरीमा आश्रित देशभरका सबैलाई माया गर्ने तपाईं सबै सरोकारवालासँग समन्वय, सहकार्यका लागि आग्रह गर्दछौं।




**डिभिजन वन कार्यालय, राप्ती**

**मनहरी, मकवानपुर**